मुलुकलाई सही बाटोमा लैजान सबैले वातावरण... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २६० • २०८१ साल फाल्गुन ०२ गते शुक्रबार (14 February, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## अवैध अस्पतालका सञ्चालक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारको निर्देशनको पालना नगरेको भन्दै एक निजी अस्पतालका सञ्चालक पक्राउ परेका छन् ।

गत शनिबार मुख्यमन्त्री सतीशकुमार सिंहले जनकपुरधामका २० वटा निजी अस्पतालमा छड्केसहित अनुगमन गरेका थिए । सो क्रममा दर्ता नरहेका अस्पतालहरूलाई आइतबारसम्म बन्द गरेर साँचो प्रदेश सरकारलाई बुझाउन निर्देशन दिएका थिए ।

तर दर्ता नरहेको जनकपुर मोडर्न हस्पिटलले निर्देशनको पालना नगरी होस्पिटल सञ्चालन जारी नै राखेपछि सञ्चालक रामभरोस महतोलाई धनुषा प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

मुख्यमन्त्री सिंह र स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहको टोली पुनः अनुगमन गरेपछि सो होस्पिटल बन्द नगरेको पाइएपछि प्रहरी लगाएर बन्द गराइएको हो ।

सो क्रममा धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी पनि थिए । उनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुगमन टोलीले मोडर्न हस्पिटलका सञ्चालकलाई प्रहरीको जिम्मा लगाएको बताउँदै आवश्यक कानुनी प्रक्रिया अघि बढाइने छ ।

### अध्यादेश नसच्चिए सरकारबाट बाहिरिने लोसपाको चेतावनी

# मन्त्री भण्डारीको पद धरापमा, सत्तासिन दलहरु विकल्प खोज्दै

**टुडे समाचारदाता**


मलंगवा । राष्ट्रियसभाबाट समेत अध्यादेश पास गर्न सत्तासीन दलहरु नेकपा एमाले र नेपाली कांग्रेसले विकल्पको खोजी शुरु गरेको बताइरहेको बेला लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले भूमिसम्बन्धी अध्यादेश नसच्याइए सरकारबाट बाहिरिने चेतावनी दिएको छ । सर्लाहीको मलंगवामा बिहीबार आयोजित अगुवा कार्यकर्ता भेंटघाटमा अध्यक्ष महन्थ ठाकुरले अध्यादेश सच्याइनुपर्ने निर्णय रहेको बताए ।

'संघीय सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश मधेश विरोधी रहेको छ' उनले भने, सो अध्यादेश कुनै पनि हालतमा स्वीकार्य हुँदैन । अध्यादेश नसच्चिए पार्टी सरकारबाट बाहिरिने उनले बताए ।

लोसपाबाट शरतसिंह भण्डारी श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री छन् । लोसपाले सरकारमा जाने निर्णय गरेपछि भण्डारीलाई मन्त्रालय दिएको हो । लोसपाका ४ जना संघीय सांसद छन् ।

पछिल्लो आम निर्वाचनमा राष्ट्रिय दलको मान्यतासमेत गुमाएको लोसपाबाट निर्वाचित सांसदहरुमा अध्यक्ष ठाकुर र भण्डारी महोत्तरी जिल्लाबाट निर्वाचित हुन् । दलको नेता ठाकुर नै रहेका छन् ।

'मधेशका हक, अधिकार र पहिचानको रक्षा गर्न पार्टी प्रतिबद्ध रहेको छ' ठाकुरले भने, सरकारले भूमिसम्बन्धी अध्यादेश जस्ताको तेस्तै



पास गर्न खोजे आन्दोलनका कार्यक्रमहरू अघि बढाइने छ ।

सरकारले ल्याएको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' अस्वीकार गर्ने लोसपा नेपालको निर्णयमा प्रमुख सत्तारुढ दलहरू नेकपा एमाले र नेपाली कांग्रेसले असन्तुष्टि जनाए ।

उनीहरूले प्रस्टै रूपमा अध्यादेश नमान्ने हो भने लोसपा प्रतिपक्षमा बस्नु भनेका छन् । लोसपाका अध्यक्ष ठाकुरले बुधबार नै विज्ञप्ति सार्वजनिक गर्दै भूमिसम्बन्धी अध्यादेश जनताको हित विपरीत भएकोले अस्वीकार गर्ने निर्णय भएको उल्लेख गरेका थिए ।

लोसपा संघीय सरकारमा एउटा मन्त्रालय र मधेश प्रदेश सरकारमा एउटा मन्त्रालय पाएको छ । सत्तारुढ दलहरुले अध्यादेश पारित हुने दाबी गरिरहे पनि लोसपाले समर्थन गर्न अस्वीकार गरेपछि राष्ट्रियसभामा संकट झन् गहिरिएको छ । लोसपाले समर्थन नगर्ने निर्णय सार्वजनिक गरेसँगै सत्तासीन दलहरुसित अब २८ जना सांसद मात्र राष्ट्रिय सभामा छन् । अध्यादेश पारित गर्न बहुमतका लागि कम्तीमा ३० जना सांसद चाहिन्छ ।

लोसपाले गरेको निर्णयप्रति असन्तुष्टि जनाउँदै कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले सत्तामा बसेर मन्त्रिपरिषद्ले गरेको निर्णयको विरोध गरेर ल्याएको अध्यादेश अस्वीकार गर्न नपाइने बताए । 'कि सत्ता छोड्न पर्‍यो, कि प्रतिपक्ष हुन पर्‍यो,' प्रमुख सचेतक घिमिरेले सञ्चारकर्मीहरुसित भने, 'सत्तामा बसेर मन्त्रिपरिषद्को निर्णयको विरोध गर्न पाइन्न ।' उनले सत्तामा बसेर प्रतिपक्षी हुन नपाइने बताए ।

एमाले नेता पदम् गिरीले पनि संसदीय राजनीतिक प्रणालीमा सरकारले ल्याएका अध्यादेशको सरकारमा सहभागी दलले विरोध गर्न नपाइने बताए । 'सरकारमा बस्ने अनि आफ्नै क्याबिनेटबाट निर्णय गर्ने त्यसपछि गरिएको निर्णय स्वीकार गर्न सकिँदैन भन्नु कुनै पनि हिसाबले मिल्दैन', गिरीले भने, आफै बसेर गरेको निर्णयमा विपक्षमा जान राजनीति र नैतिक दृष्टिकोणले सुहाउँदो कुरा होइन ।'

गिरीले लोसपाले अध्यादेशबारे बुधवार गरेको निर्णयमा पुनर्विचार गर्नुपर्ने बताए । बरु केही विषय संशोधन वा पुनर्विचार गर्न सकिने विषयमा छलफल हुनसक्ने उनले बताए । भूमिसम्बन्धी अध्यादेशको बिरोध गर्ने जसपा नेपाल र लोसपाले व्यापक संशोधन गर्नुपर्ने माग अघि सारेका छन् । जसपा नेपाल र लोसपाको माग अनुसार अध्यादेशमा संशोधन गरिए सत्तासीन दलहरुको स्वार्थ पुरा नहुने भएकाले विपक्षीहरुको साथ लिएर भएपनि अध्यादेश पारित गर्ने तर्फ कांग्रेस र एमालेका नेताहरुले अनौपचारिक रुपमा छलफल प्रारम्भ गरेका छन् ।

सरकारले माघ १८ गते प्रतिनिधिसभा बैठकमा 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१', 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' र 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पनि पेस गरेको थियो ।

ती मध्य भूमिसम्बन्धी अध्यादेशमा सत्तामा रहेको लोसपा र सरकारलाई समर्थन गरेको जसपा नेपालले असन्तुष्टि जनाउँदै स्वीकार गर्न नसकिने निर्णय गरेका छन् । लोसपाबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा शरतसिंह भण्डारी वर्तमान सरकारमा सहभागी छन् । पार्टीको यो निर्णयसँगै भण्डारीको मन्त्री पद धरापमा परेको छ ।

लोसपाका महासचिव समेत रहेका मधेश प्रदेशका इञ्चार्ज जितेन्द्र सोनलले पार्टीले भूमिसम्बन्धी अध्यादेश स्वीकार नगर्ने निर्णयबाट पछि नहट्ने बताए । 'सरकारमा रहनु वा नरहनु दोस्रो विषय हो ' उनले भने, सरकारले ल्याएको भूमिसम्बन्धी विधेयक मधेश बिरोधी रहेकाले सरकारमा रहने भन्दैमा समर्थन गर्न सकिदैन ।







# विटौरी जग्गाबाहकलाई लालपुर्जाको माग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिकाद्वारा आयोजना गरीएको सार्वजनिक सुनवाई कार्यक्रममा सहभागी नागरिक अगुवाहरुले नगरक्षेत्रमा विटौरी जग्गाबाहकहरुको समस्या समाधान गरी अबिलम्व लालपुर्जा प्रदानको व्यवस्थाका लागी पहल गर्नू पर्ने माँग जोडदाररुपमा उठाएका छन् ।



७ वर्ष पछि नगरपालिकाले आयोजना गरेको नगरपालिकाबाट संचालित आयोजना कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धि सम्बन्धि "सार्वजनिक सुनवाई कार्यक्रम"का सहभागी वक्ताहरुले पुस्तौंदेखि बसोवास गर्दै आएका ५ हजारभन्दा बढी विटौरी जग्गा बाहकहरुले हालसम्म लालपुर्जा पाउन नसक्दा समस्यामा परेको भन्दै त्यसको समाधान नखोजिए आन्दोलन चर्काउने चेतावनी समेत दिए । सो कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका राजविराज नगरपालिकाका पूर्व मेयर अनिस अन्सारीले नगरको मुख्य बजार क्षेत्रमा वसोवास गर्दै आएका ५ हजारभन्दा बढी परिवार लालपुर्जा आफ्नो नाममा नरहेको तथा नक्शा पास समेत रोकिदा समस्यामा परेको बताए ।

जग्गावापत नगरपालिकाबाट पाएको रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण कर्जा लिएर व्यापार व्यवसाय गर्दै आएकोमा हाल सो सेवा सुविधा राज्यपक्षबाट बन्द गरिदाँ उनीहरु समस्यामा परेको उनले बताए । उनले नगरपालिकाको नेतृत्व गर्नेहरुले सो समस्या समाधानमा गम्भिरता नदेखाए आफ्नै अगुवाईमा नगरपालिकामा तालाबन्दी, बजार बन्द र चक्काजामलगायतका कार्यक्रम अघि बढाइने चेतावनीसमेत दिए ।

नेपाली काँग्रेसका यूवा नेता इरसाद अन्सारीले विटौरी जग्गाको वर्षौदेखि कर लिने गरेको राजविराज नगरपालिका तथा सम्बन्धित कार्यालयले नक्शा पास र लालपुर्जा उपलब्ध नगराउँदा बैंकले पनि त्यस्तो जग्गा स्वीकार गर्न नमानेकाले यहाँको व्यापार व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्य समेत प्रभावित बन्न पुगेको भन्दै अविलम्ब यसको समाधान न खोजिए केही दिन भित्रै संघर्षका कार्यक्रमहरु घोषणा गरी आन्दोलन चर्काउने चेतावनी दिए । उनले निर्माणधीन राजविराज वसपार्क, हटिया कम्प्ल्येक्स, गजेन्द्रनारायण सिंह अस्पतालको भवन लगायतका संरचना निर्माण कार्य अबिलम्व पूरा गरी सम्बन्धित निकायलाई हस्तान्तरण गर्नू पर्ने माग समेत गरे ।

सो कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साहले नगरपालिकाको आ.व.२०८०/०८१ मा भएको तथा ०८१/०८२ मा संचालनमा रहेको आयोजना बारे विस्तृत विवरण सार्वजनिक गरेका थिए ।

कार्यवाहक नगरप्रमुख इसरत परवीनको अध्यक्षता तथा जिल्ला सम्वन्य समिति सप्तरीका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण लगायतले पनि आ-आफनो सुझाव सहित धारणा राखेका थिए ।

# बिना स्विकृति फोरलेन सडकमा स्वागत "द्वार" निर्माण




**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रनिगाहपुर गौर सडक खण्डमा फोरलेन सडक निर्माण सुरुभए संगै बिभीन्न किसिमका बाधा अड्चन खडा भएको छ ।

निर्माण भईरहेको मुल सडक देखि १५ मिटर दायां वायांमा कुनै पनि संरचना नबनाउन डिवीजन कार्यालयले आग्रह गर्दैआएको छ ।

गौर विपि चौक देखि माधवनारायण नपा ३ गजेन्द्रनारायण सिंह अस्पताल सम्मको १६.३६० किमि सडक फोरलेन निर्माण गर्न रमन-आश्रेय जेभीले ठेक्का सम्झौता गरेको छ ।

सडकखण्ड अन्तर्गत नै बिना स्विकृती गौर नगरपालिकाले स्वागत "द्वार " निर्माण गरिरहेको देखिएको छ। गौर नगर पालिकाले निर्माण गर्न लागेको स्वागत द्वारको विभागिय स्विकृति नरहेको डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरका प्रमुख अरुण कुमार कर्णले बताएका छन् ।

तर गौर नगर पालिकाले निर्माण गरिरहेको प्रवेस द्वार फोरलेन बाहिर रहेको भए पनि ड्रोईङ्ग स्विकृत नलिएको डिवीजन प्रमुख कर्णले जानकारी दिएका छन्। उनले अहिलेको समय मनपरि तन्त्र बनेको छ मनपरी काम भईरहेको छ। प्रवेश द्वार निर्माण गर्नु अघी स्वीकृती लिनुपर्नेमा करीब आधाजति काम भई सकेको अवस्थामा बिहीवार सहमतिको माग गरेको छ। निर्माणाधीन द्वारको कागज पत्र ,स्केच मिलाएर ल्याउन निर्देशन दिएको डिवीजन प्रमुख कर्णले बताएका छन् ।

गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुरले सडक डिभिजनरमा विभागिय सहमतिको लागि कागजपत्र पेस गरी सकेको प्रतिक्रिया दिएका छन् ।

निर्धारित माप दण्ड अनुसार स्वागत द्वार निर्माण भई रहेको उनको भनाई रहेको छ।

डिभिजन सडक कार्यालयले २०८१/०६/०२१मा रमन -आश्रेय जेभी बसुन्धरा काठमाडौ संग समझौता गरेका थिए।सो सडकलाई बनाउन २०८४/०६/२०सम्मको अन्तिम समय दिईएको छ। तोकिएको समय सिमा भित्र निर्माण काम सम्मपन्न गराउन ठेकदार कम्पंनीले २०८१/०७/०६ गते देखि कार्य शुभारम्भ गरि सकेको प्रोजेक्ट मैनेजर अजय गुप्ताले बताएका छन्। फोरलेन सडक गौर स्थित विपि चौक सम्म सिमित नराखी भारतीय सिमाना संग जोडिएको मितेरीपुल सम्म निर्माण हुनुपर्ने नेपाल पत्रकार महासंघ रौतहटका पूर्व सभापती प्रेमचन्द्र झाले माग गरेका छन् ।

# लागुऔषध गाँजा र अफिमसहित दुईजना पक्राउ



**टुडे समाचारदाता**

बारा । बारा प्रहरीले लागूऔषध गाँजा र अफिमसहित बाराबाट बुधबार दुईजनालाई पक्राउ गरेको छ । जीतपुरसिमरा उपमहानगरपालिका-२१ स्थित अमलेखगञ्जबाट प्रहरीले सात किलो गाँजा र चार किलो अफिमसहित दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा निजगढ नगरपालिका-१३ डमरपुर का २२ वर्षीय संजय मोक्तान र धादिङ गजुरी गाउँपालिका-३ का २९ वर्षीय सुनबहादुर थिङ रहेका बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय अमलेखगञ्जका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्कीको नेतृत्वमा रहेको प्रहरी टोलीले हेटौडाबाट वीरगन्जतर्फ जाँदै गरेको प्र३-०२-००७ प ८२३९ नम्बरको मोटरसाइकल जाँच गर्दा लेगार्डमा प्लाष्टिकको झोलामा र सिटमुनि लुकाईछिपाई राखेको अवस्थामा लागुऔषध बरामद गरेको हो ।

बरामद लागूऔषध २० हजार मूल्य बराबरको रहेको प्रहरीको अनुमान छ । पक्राउ परेका दुवैजनालाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ ।

# भैंसीले हान्दा सिन्धुलीमा एक जनाको मृत्यु

सिन्धुली । सुनकोशी गाउँपालिका-३ नौविसेमा भैंसीले हान्दा एक जनाको मृत्यु भएको छ । घाँस हाल्न जानुभएका ७५ वर्षीय गोपाल घर्तीको भैंसीले हान्दा आज बिहान मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख गोविन्दराज काफ्लेका अनुसार भैंसीले हानेर घर्तीको घटनास्थलमा नै ज्यान गएको हो । रासस

# घाइते जंगली हात्तीको उपचार भयो

**टुडे समाचारदाता**

रौहतट । लगातार दुई महिना देखि चन्द्रनिगाहपुर आसपास घाईते अवस्थामा देखापर्दै आएको जङ्गली हातीको बिहीबार बिज्ञ चिकित्सकद्वारा उपचार भएको छ ।


। राष्ट्रिय प्रकृती संरक्षण कोष सौराहा चितवनका पशु चिकित्सक अमिर सडौला र बन्यजन्तु प्राबिधिक तीर्थ लामा सहित चिकित्सकको टोलिले एमगज नाम गरेको घाईते जङ्गली हातीलाई एन्टिबायोटिक ईन्जेक्सन लगाएर घाउ सुक्ने उपचार गरेको हो ।

हातिको दाया खुट्टा ,घोडा मुनी र घाँटीमा फलामको कुनै औजारले लागेर सुनिएको अबस्थामा घुमिरहेका जङ्गली हातीलाई चोरी सिकारीले गोलि हानेको हुनसक्ने चिकित्सक टोलीले आशंका गरेका छन् ।

चन्द्रपुर २ स्थित हिलेखोलाको महादेब स्थान सामुदायिक वन उपभोक्ता समुहको जङ्गलभित्र टयाककोलाईज बेहोसगरी उपचार गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोषका पशु चिकित्सक अमिर सडौलाले बताएका छन् ।

हात्ती व्युँझिएपछी छाडिएको थियो । उपचारपछि निको भएर हाती पुरानै स्थानमा फर्कने चिकित्सक टोलीको भनाई रहेको छ ।

# मधेश प्रदेशमा नसर्ने रोगको परीक्षण गर्ने अभियान



**टुडे समाचारदाता**

जनकपुरधाम ।स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले नसर्ने रोग पहिचान सम्बन्धि एक महिने अभियानको शुभारम्भ गरिएको छ ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाममा बिहीबार स्वास्थ्यमन्त्री सिंह आफै पुगेर प्रेसर तथा सुगरको जाँच गराएर मधेश प्रदेशमा नसर्ने रोगहरूको जाँच गर्ने अभियानको शुरुआत गर्नु भएको हो ।

मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयद्वारा आयोजना नसर्ने रोगको जाँच शुभारम्भ कार्यक्रम पछि अन्य नागरिकहरूले पनि निःशुल्क रुपमा जाँच गर्ने काम भएको थियो ।

'समयमै नसर्ने रोगको जाँच गराऔं, स्वास्थ्य र दीर्घ जीवन बाँचौं' भन्ने मूल नाराका साथ नसर्ने रोगको रोकथाम तथा सचेतना फैलाउनका लागि कार्यक्रमको आयोजना गरिएको स्वास्थ्य निर्देशक श्रवण कुमार नायकले जानकारी दिए ।

एक महिनासम्म चल्ने यस अभियानमा नसर्ने रोगहरूको नेपाल सरकारको निर्देशन अनुसार निःशुल्क रुपमा परीक्षण गरिने भएको छ । नेपालमा अहिले नसर्ने रोग जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा अगाडी आएकाले सरकारले देश व्यापी रुपमा फागुन महिनाभरिमा नै यसको जाँच अभियान बढाएको छ ।

अभियानमा सहभागी हुँदै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन प्रसाद सिंहले सर्ने रोग भन्दा नसर्ने रोगका कारणले नेपालमा वर्षेनी रुपमा धेरैको मृत्यु हुने गरेकाले नसर्ने रोग लाग्न नदिनका लागि समयमा स्वास्थ्यको परीक्षण तथा नियमित रुपमा योग र व्याम गर्न जरुरी रहेको बताए ।

मधेश प्रदेश सरकार स्वास्थ्य निर्देशनालयले सञ्चालन गरेको सो अभियानबाट नसर्ने रोगहरूबारे आम जनतामा जनचेतना वृद्धि हुनुका साथै नसर्ने रोगको परीक्षण पछि समयमा उपचार भएको खण्डमा थप समस्याबाट जोगिने भएकाले प्रदेशका १ सय ३६ पालिकामा नै नसर्ने रोगको जाँच अभियान शुरु भएको निर्देशक नायकले बताए ।

मधेश प्रदेशका १ सय ३६ पालिकामा नै प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको शाखा भएकाले नसर्ने रोगको परीक्षण तथा उपचारमा कुनै समस्या नहुने पनि स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# गौरमा पार्टी कार्यालय उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । नेकपा (माओवादी केन्द्र) ले विहीबार जनयुद्ध दिवस मनाउँदै रौतहट सदरमुकाम गौरमा पार्टी कार्यालयको उद्धाटन गरेको छ । माओवादी जिल्ला इन्चार्ज अशोक जयसवालको नेतृत्वमा ठूलो संख्यामा उपस्थित कार्यकर्ताहरुले गौर नगर परिक्रमा गरेका थिए । विपी चोकबाट सुरु गरिएको ऱ्याली मुख्य सडक हुँदै भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय अगाडि भएर पार्टी कार्यालयमा पुगेर समापन गरिएको थियो । पार्टी कार्यकर्ताहरूको उत्साहपूर्ण सहभागिताबीच पार्टी कार्यालयको उद्घाटन गरिएको छ ।




> उद्धाटनपछि मन्तव्य राख्दै प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री युवराज भ राई (समिर) ले वडा, पालिका, क्षेत्र तथा जिल्ला तहसम्म संगठन विस्तार गरी बलियो बनाएमात्र जनयुद्धको सपना पूरा हुने बताए ।

उद्धाटनपछि मन्तव्य राख्दै प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री युवराज भट्टराई (समिर) ले वडा, पालिका, क्षेत्र तथा जिल्ला तहसम्म संगठन विस्तार गरी बलियो बनाएमात्र जनयुद्धको सपना पूरा हुने बताए । उनले सहिदहरूको सपनालाई साकार पार्न सबै कार्यकर्ताहरूले पार्टीका लागि सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

जिल्ला इन्चार्ज अशोक जयसवालले रौतहटमा माओवादी केन्द्र कुनै पनि अन्य दलभन्दा कमजोर नभएको दाबी गरे । उनले संगठनलाई संस्थागत रूप दिएर सुदृढ बनाउँदै अघि बढ्नुपर्ने आवश्यकता रहेको बताए ।

दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले सम्बोधन गर्दै संगठन सुदृढीकरणका लागि स्थानीय तहमा पार्टीको सक्रियता बढाउनु पर्ने धारणा व्यक्त गरे । कार्यक्रममा दुर्गा भगवती गाउँपालिका वार्ड न. ३ का वडा अध्यक्ष डिके झा,पत्रकार लगायतका उपस्थित कार्यकर्ताहरूले जनयुद्धका सहिदहरूको सम्झनामा मौन धारण समेत गरेका थिए ।

कार्यक्रममा पूर्व जनमुक्ति सेना तथा जनयुद्धका अनुभवी नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । उनीहरूले माओवादी आन्दोलनका बलिदान उपलब्धिहरू र भावी योजनाका विषयमा आफ्ना विचार राखे । कार्यक्रममा स्थानीय नागरिकहरूको पनि उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रम समापनपछि स्थानीय नेताहरूले संगठन विस्तार पार्टीको आगामी रणनीति र भावी योजनाका विषयमा छलफल गरेका थिए ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथुन | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**बाँसको जरा ओसार्दै महिला** : सुनसरीको हरिनगर गाउँपालिकाको भुटाहा बजार नजिकैबाट सुकेको बाँसको जरा ओसार्दै महिला। सुकेको बाँसको जरा खाना पकाउन, गाईवस्तुलाई खुवाउन कुँडो पकाउन र आगो ताप्न प्रयोग गरिन्छ। *तस्बिरः रासस*

# नसर्ने रोगविरुद्धको 'स्क्रिनिङ' अभियान सफल बनाउन मन्त्री पौडेलको अनुरोध

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नसर्ने रोगहरूविरुद्ध निरोधात्मक विधि प्रवर्द्धन गर्ने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आजदेखि आरम्भ गरेको निःशुल्क 'स्क्रिनिङ'अभियान सफल बनाउन सम्बद्ध सबैमा आग्रह गर्नुभएको छ।

आज एक सन्देश जारी गर्दै उहाँले देशमा हुने मृत्युको लगभग तीन चौथाइ अनुपात नसर्ने रोगले ओगटेको तथा त्यसमा जलवायु परिवर्तन र बढ्दो सहरीकरणका कारण थप जटिलता थपिएको उल्लेख गर्नुभएको छ।

यो समस्यालाई सम्बोधन गर्न सामुदायिक सहभागिता सहित अभियानका रुपमा स्थानीय तहबाट स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिकारात्मक एवं उपचारात्मक सेवालाई व्यवस्थित गर्न आवश्यक भएको महसुस गरेपछि आफूले सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा उपचारात्मक सेवा व्यवस्थित गरेसँगै निरोधात्मक विधिबाट नागरिकलाई रोगको दुष्चक्रबाट यथासम्भव जोगाउने योजना बनाएको उहाँले सन्देशमा




उल्लेख गर्नुभएको छ।

"हामीले हाम्रा स्वास्थ्य संस्थामा सेवा तथा उपचारको गुणस्तर अभिवृद्धिका लागि यथासम्भव प्रयत्नहरू गरिरहेका छौँ", उहाँले भन्नुभएको छ, "साथसाथै निरोधात्मक विधिअन्तर्गत नागरिकको आधारभूत स्वास्थ्य परीक्षण अनि सचेतनाका माध्यमबाट सकेसम्म रोग लाग्नै नदिने तथा लागेको खण्डमा समयमै उपचारबाट नागरिकको स्वास्थ्य र नागरिक तथा राज्य दुवैको धनराशि जोगाउने हाम्रो प्रयत्न जारी छ।"

अभियानअन्तर्गत ३० वर्षभन्दा माथिका नागरिकलाई हरेक स्थानीय तहका स्वास्थ्य संस्थामा मधुमेह, उच्च रक्तचाप, मिर्गौलासम्बन्धी रोग एवं शरीरको उचाइ र तौलको अनुपात समयमै पहिचान गरी उल्लेखित नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्ने लक्ष्यका स्क्रिनिङ गरिनेछ।

मन्त्रालयले हरेक वर्ष यो अभियानलाई निरन्तरता दिने भएको छ । मन्त्री पौडेलले नेपालमा नसर्ने रोगको भार कम गर्न र स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने कार्यमा हातेमालो सबैमा सन्देशमार्फत स्वास्थ्यमन्त्रीले अनुरोध गर्नुभएको छ। रासस

# देवघाटमा एक महिनासम्म सञ्चालित महामहोत्सव सम्पन्न



दमौली । जिल्लाको प्रसिद्ध देवघाटधाममा एक महिनासम्म सञ्चालित महामहोत्सव बुधबार सम्पन्न भएको छ । माघे सङ्क्रान्तिको अवसर पारेर सञ्चालन भएको महामहोत्सव सकिएको हो।

विश्व जागरण महाअभियान ट्रष्ट चितवनको आयोजनामा भएको महामहोत्सवको देवघाटस्थित गलेश्वर आश्रमका पिठाधिश महामण्डलेश्वर १००८ स्वामी आत्मानन्द गिरीजी महाराजले समापन गर्नुभयो। उहाँले देवघाट क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनका लागि महामहोत्सव सफल भएको बताउनुभयो।

देवघाट मुलुकको महत्वपूर्ण धार्मिक तीर्थस्थल भएकाले यहाँ यज्ञयज्ञादी पर्व आयोजना भइराख्नुपर्नेमा स्वामी आत्मानन्दले जोड दिनुभयो।

विश्व जागरण महाअभियान ट्रष्टका संरक्षक भागवत् कथा वाचक इश्वरकृष्ण महाराजले भक्तजनको माया, स्नेह र सहयोगले महामहोत्सव एक महिनासम्म सञ्चालन गर्न सहयोग र हौसला मिलेको बताउनुभयो । महामहोत्सवबाट सङ्कलित रकम मातापिता सेवा आश्रम र देवघाट दिव्यधाम निर्माणका लागि खर्च गरिने उहाँले जानकारी दिनुभयो।

इश्वरकृष्ण महाराजको सङ्कल्पमा तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माणाधीन तीन सय ६५ कोठाको मातापिता सेवा आश्रमले पूर्णता दिन र सोही स्थानमा रहेको देवघाट दिव्यधाम निर्माण गर्न रकम सङ्कलन गर्ने उद्देश्यले महामहोत्सव आयोजना गरिएको हो।

उक्त महामहोत्सव २५ लाख बढी भक्तजनले प्रत्यक्ष अवलोकन गरेका विश्व जागरण महाअभियान ट्रष्टले दाबी गरेको छ । महोत्सव अवधिभर रु २० करोड भन्दा बढी रकम सङ्कलन भएको जनाउँदै आम्दानी र खर्च यथाशीघ्र पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने इश्वरकृष्ण महाराजले उल्लेख गर्नुभयो।

तीन सय ६५ कोठासहितको संरचनामा वृद्धवृद्धा र असहायहरूका लागि दीर्घकालीन आवासीय सुविधा प्रदान गर्ने उद्देश्यले मातापिता सेवा आश्रम निर्माणाधीन छ।

महामहोत्सवमा सङ्घीय सरकारका मन्त्री, गण्डकी तथा बागमती प्रदेश सरकारका मन्त्रीहरू, प्रमुख राजनीतिक दलका सभापति तथा वरिष्ठ नेताहरू, प्रतिनिधिसभा, राष्ट्रियसभा तथा प्रदेशसभाका सांसदहरू, विभिन्न उच्च पदस्थ प्रशासक तथा व्यक्तिहरूको उपस्थिति रहेको थियो।

महामहोत्सवमा देवी प्रतिभा, अनुराधा पाण्डे, ओमप्रकाश सुवेदी, यशोदा मातालगायत लोकप्रिय कथा वाचकहरूले कथा वाचन गर्नुभएको थियो। रासस

# ललितकला प्रतिष्ठानको आयोजनामा सातै प्रदेशमा हुने प्रदर्शनीको तयारी पुरा

काठमाण्डु । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको अगुवाइनमा सातै प्रदेशमा आयोजना हुने प्रादेशिक र राजधानी काठमाडौँमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीको तयारी अन्तिम चरणमा पुगेको छ।

गत वर्षदेखि सङ्घीयता संरचनाअनुसार सुरु भएको दोस्रो प्रादेशिक ललितकला प्रदर्शनीको तयारीमा सात वटै प्रदेशका ललितकलाकर्मी जुटेका छन् । यसपाली फागुन महिना ललितकलामय हुन लागेको प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र काफ्ले 'थुम्केली'ले जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाली ललितकला क्षेत्रकै सबैभन्दा ठूलो कार्यक्रम (महाउत्सव) मानिने ललितकला प्रदर्शनीमा देशभर एक हजारभन्दा बढी कलाकृति प्रदर्शनी हुने र त्यसबाट छनोट गरिएको कलाकृतिलाई गणतन्त्र दिवसका अवसरमा आयोजना हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराइने छ।

सोहीअनुसार अहिले प्रतिष्ठानकाप्राज्ञपरिषद् सदस्यलाई हरेक प्रदेशको जिम्मेवारी दिएर प्रादेशिक प्रदर्शनीको तयारी गरिएको छ । यही फागुन ४ गतेबाट सुरु हुने प्रादेशिक प्रदर्शनी आगामी चैतको १ गतेसम्म चल्ने छ । फागुन महिना सातै प्रदेश




ललितकलामय हुँदैछ।

म हि ना व्या पी कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशमा फागुन ४ देखि ८ गतेसम्म, कर्णाली प्रदेशमा फागुन ६ देखि १०, सुदुरपश्चिम प्रदेशमा फागुन ८ देखि १२, लुम्बिनी प्रदेशमा फागुन १० देखि १४, कोशी प्रदेशमा फागुन १६ देखि २०, मधेश प्रदेशमा फागुन २१ देखि २५ र बागमती प्रदेशमा फागुन २७ देखि चैत १ गतेसम्म प्रादेशिक कला प्रदर्शनी हुँदैछ।

उक्त प्रदर्शनीका लागि प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य सञ्जय वान्तवालाई कोशी, अरुणा हिङ्माङलाई मधेश प्रदेश, उपकुलपति लालकाजी लामालाई बागमती, प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतोलाई लुम्बिनी, सौरगङ्गा दर्शनधारीलाई गण्डकी, पाल्साङ्मो लामालाई कर्णाली र प्रदीप अधिकारीलाई सुदूरपश्चिम प्रादेशिक ललितकला प्रदर्शनीको संयोजनको जिम्मेवारी तोकिएको छ।

उहाँहरूले आ-आफ्नो क्षेत्रमा उक्त प्रदर्शनीको अन्तिम तयारी भइरहेको जानकारी दिनुभएको छ । लुम्बिनी प्रदेशका प्रादेशिक कला प्रदर्शनीको संयोजन गर्नुभएका प्राज्ञ परिषद् सदस्य महत्तोले करिबकरिब तयारी पूरा भएको जानकारी दिँदै भन्नुभयो, "लुम्बिनीमा १२५ कलाकारका करिब २०० कलाकृति प्रदर्शनी हुने छन्।"

अन्य प्रदेशमा पनि कम्तिमा १०० देखि २०० सम्म कलाकृति हरेक प्रदेशमा प्रदर्शनी गर्न लागिएको छ । यसरी प्रदेशमा लुकेर रहेका कलालाई उजागर गर्दै माथि उठाउन र रूपान्तरणका लागि कला भन्ने उक्तिलाई सार्थक तुल्याउन हरेक प्रदेशमा कला प्रदर्शनी थालिएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताउनुभयो।

ति प्रदर्शनीमा प्रतियोगीका साथै अप्रतियोगि कलाकृतिसमेत प्रदर्शन हुनेछ । प्रादेशिक प्रदर्शनीबाट छानिएका कलाकृति आउँदो गणतन्त्र दिवसका अवसरमा काठमाडौँमा राष्ट्रिय कला प्रदर्शनीमा समावेश हुनेछ। रासस

यी विधामा पुरस्कृति गरिने

राष्ट्रिय प्रदशर्शनीमा रु एक लाख राशिको सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार, जनही रु ६० हजार राशिको ललितकला विधागत पुरस्कार र नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार प्रदान गरिने छ।

यसपाली ललितकला विधागत पुरस्कारतर्फ परम्परागत चित्रकला, स म सा म यि क / आ धु नि क चित्रकला, परम्परागत मूर्तिकला, स म सा म यि क / आ धु नि क मूर्तिकला, शिल्प र हस्तकला, वास्तुकला तथा लोककला बहुआयामिक कला तथा अन्य सिर्जनात्मक कलामा कलाकारलाई पुरस्कृति गरिने छ।

यस्तै प्रदेशगत रूपमा रु ५० हजार राशिको सबै प्रदेशबाट उत्कृष्ट प्रादेशिक ललितकला पुरस्कारका साथै रु ३० हजार राशिको परम्परागत चित्रकला, समसामयिक चित्रकला, परम्परागत मूर्तिकला, समसामयिक/आधुनिक मूर्तिकला, शिल्पकला, वास्तुकला तथा लोककला, बहुआयामिक कला तथा अन्य सिर्जनात्मक कला र नवप्रतिभा ललितकला प्रादेशिक पुरस्कार पनि प्रदान गरिने छ। रासस

# गहुँमा उत्पादनअनुसारको अनुदान

भजनी । कैलालीको जानकी गाउँपालिका-४ का शेरबहादुर थारुले गत वर्ष १० कट्टा जग्गामा २० क्वीन्टल गहुँ उत्पादन गर्नुभयो। गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिन थालेपछि खेतीमा निकै मिहिनेत गर्नुभएका उहाँले यसवर्ष त्यही जग्गामा २५ क्वीन्टल उत्पादन गर्ने लक्ष्य लिनुभएको छ । गतवर्ष शेरबहादुरले उत्पादनका आधारमा रु छ हजार ४०० अनुदान पाउनुभएको थियो।

"कुनै झन्झट छैन, गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिनुहुन्छ, खेतमै पुगेर गहुँको तौल गरेर उत्पादनका आधारमा खातामा पैसा आउँछ", उहाँ भन्नुहुन्छ, "यसले किसानलाई मेहनेती बनाएको छ, उत्पादनमा पनि प्रतिस्पर्धा बढाएको छ।"

सोही वडाका सन्तलाल कठरिया पनि गाउँपालिकाको कृषि अनुदानबाट निकै प्रभावित हुनुभएको छ। गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकमले खेतीका लागि आवश्यक मलखाद खरिद गर्न पुगेको उहाँ बताउनुहुँन्छ। किसानलाई उत्पादनमा आधारित अनुदानले प्रोत्साहित गरेको उहाँको बुझाइ छ। "अनुदान पाउन कति कठिन छ त्यो सबैलाई थाहा भएको कुरा हो, सामान्य व्यक्ति सायद सरकारले वितरण गर्ने अनुदानको पहुँचमा पुग्न सकेको छैन", उहाँले भन्नुभयो, "यहाँ न कसैको



शक्ति लाग,। न पहुँचमा नै हुनुपर्छ, उत्पादन भयो भने अनुदान रकम खातामा आउँछ।"

किसान मोतीलाल चौधरीले गत वर्ष दुई बिघा पाँच कट्टामा गहुँखेती गर्नुभयो। उक्त जग्गामा मोतीलालले ९० क्वीन्टल गहुँ उत्पादन गर्नुभयो। उत्पादनका आधारमा उहाँले गाउँपालिकाबाट रु ४१ हजार अनुदान प्राप्त गरेको बताउनुभयो । "गत वर्षभन्दा यस वर्ष बढी मेहनत गरेर तीन बिघामा गहुँखेती गरेको छु, अनुदान पनि बढ्ने छ", उहाँले भन्नुभयो, "पाएको अनुदानले बीउ र मलखादका लागि पुग्छ।"

यस्तै किसान सविता कठरियाले चार बिघा क्षेत्रफलमा गहुँखेती गर्नुभएको छ। उहाँ उत्पादनका आधारमा अनुदान पाउनेभन्दा पनि गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिँदा बढी खुसी हुनुहुन्छ । उहाँले अनुदानका साथमा प्राविधिक सहयोग पनि पाइरहनुभएको छ। "हामी गाउँपालिकाको कामबाट निकै उत्साहित छौं, बालीमा रोग लाग्दा समयमा उपचार पाएका छौं, उत्पादन राम्रो हुँदा नगद अनुदान पाएका छौं", उहाँले भन्नुभयो, "गहुँ जस्तै अन्य बालीमा पनि अनुदान दिन सक्यो भने कृषि प्रति अझै आकर्षण बढ्दै जाने देखिन्छ।"

गत वर्ष गाउँपालिकाले ६५ किसानलाई झण्डै रु नौ लाख अनुदान दिएको थियो । अनुदानका लागि ७२ जनाले आवेदन दिएका थिए। यस वर्ष त्यो सङ्ख्या बढेर २०५ पुगेको कृषि शाखा प्रमुख लालविर चौधरी बताउनुहुन्छ । उहाँका अनुसार किसानले खेती गरेको जग्गाको क्षेत्रफल नापजाँच गरेर बाली काटेपछि उत्पादनका आधारमा अनुदान रकम वितरण गर्ने गरिँदै आएको छ।

"गाउँपालिकाबाट प्राविधिकलाई किसानको खेतमै खटाएर त्यसको लागत ल्याउने काम गर्छौं, त्यसैका आधारमा किसानलाई अनुदान रकम दिने गरेका छौं", उहाँ भन्नुहुन्छ, "किसान यसबाट उत्साहित भएको हामीले पाएका छौं, फेरि वास्तविक किसानले अनुदान पाएका छन्।" यसवर्ष गाउँपालिकाले अनुदानका लागि रु १४ लाख बजेट विनियोजन गरेको छ।

उत्पादनका आधारमा किसानलाई अनुदान वितरण गर्न गाउँपालिकाले कार्यविधि नै ल्याएको छ। कार्यविधिअनुसार अहिले गहुँ बालीमा दिइँदै आएको अनुदान अन्य बालीमा पनि विस्तार गर्दै लैजाने गाउँपालिकाको तयारी छ । "बीउ तथा मलखाद वितरण गरेर त्यसबाट कसले कति उत्पादन गर्न सक्यो त्यसको लेखाजोखा नहुने भएपछि नयाँ तरिका अपनाएका हौं", गाउँपालिका अध्यक्ष गणेश चौधरीले भन्नुभयो, "यसले किसानलाई उत्पादनसँग जोडेको छ भने किसान आफै उत्पादनका लागि प्रतिस्पर्धी बन्नुभएको छ।" रासस

# शंखरापुर दुर्घटनाः २७ जना 'डिस्चार्ज', चालक नियन्त्रणमा

काठमाण्डु । काठमाण्डुको शङ्खरापुर नगरपालिका-५ कात्तिकेस्थित सडकमा बा २ ख ७९५८ नम्बरको विद्यार्थी बोकेको बस बुधबार अपराह्न भएको दुर्घटनामा घाइते भएका ४३ मध्ये आज २७ जना उपचारपछि घर फर्किएका छन्।

उनीहरू उपचारपछि घर फर्किएका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिनुभयो । उहाँका अनुसार नगरकोटमा 'पिकनिक' खाएर आउने क्रममा सत्यसाई एकेडेमीका विद्यार्थी चढेको बस दुर्घटनामा परेको हो।


सडकबाट २० फिट तल खसेर भएको उक्त दुर्घटनामा बुधबार बसमा सवार मोरङको उर्लाबारी नगरपालिका-७ घर भएका ११ वर्षीय क्रिस्चल पुरी, सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-७ बस्ने २३



वर्षीय सुरेश तामाङ र काठमाडौँ बौद्ध बस्ने सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-३ घर भएका १४ वर्षीय शुसाङ्क डोटेलको मृत्यु भएको थियो। उनीहरू तीनै जना विद्यार्थी हुन्।

दुर्घटनामा गम्भीर घाइते भएका क्रिस्चलको शिक्षण अस्पताल महाराजगञ्जमा, सुरेशको नेपाल मेडिकल कलेजमा र शुसाङ्कको शङ्खरापुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

अहिले दुईको केएमसी अस्पतालमा, नौको एनएमसी अस्पतालमा, एकको मेडिसिटी अस्पतालमा, दुईको शिक्षण अस्पताल महाराजगञ्जमा, एकको हेल्पिङ हेण्ड अस्पताल चाबहिलमा र एक जनाको पिपुल्स लाइफ केयर अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता बोहराले जानकारी दिनुभयो। बस चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको पनि उहाँले बताउनुभयो। रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# गोलबद्ध हुन आवश्यक

संघीय सरकारले ल्याएको आधा दर्जन मध्ये ५ वटा अध्यादेशलाई सकारात्मक रुपमा लिएर समर्थन जनाउने निर्णयमा पुगेको जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमिसम्बन्धी अध्यादेशलाई स्वीकार गर्न नसक्ने प्रष्ट निर्णय गरेको छ । त्यस लगत्तै सत्ता साझेदार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)नेपालले पनि भूमिसम्बन्धी अध्यादेशको विरोध गरेको छ । प्रतिनिधि सभाबाट सहजै पास हुने अध्यादेशहरु राष्ट्रिय सभामा पास हुन अब कठिन भएको छ । सत्ता साझेदार लोसपाले समर्थन गर्दा राष्ट्रिय सभामा अध्यादेशको पक्षमा २९ जना पुगेको थियो । तर लोसपाले पनि समर्थन नगर्ने भएपछि राष्ट्रिय सभाबाट अध्यादेश पारित हुने सम्भावना वर्तमान राजनीतिक समीकरणलाई हेर्दा समाप्त नै भएको छ । भूमिसम्बन्धी अध्यादेश पारित भए तराई मधेशको जग्गा, वन जंगल, श्मसानलगायत सबै निजी हुनेछ । भूमिसम्बन्धी अध्यादेशले दीर्घकालीन रुपमा देशलाई ठूलो क्षति गर्नेछ । तत्काल सत्तासीन दलहरु मध्ये नेकपा एमालेले भूमिहीनहरुलाई जग्गा उपलब्ध गराएको सहानुभूति लिनेछ । तर त्यसले मधेश र देशलाई दीर्घकालमा हानी पुऱ्याउनेछ । पूर्वपश्चिम राजमार्ग निर्माण हुँदाको बखत सडकको वरिपरि वस्ती नबसाएको भए चुरे विनास हुने थिएन । चुरेको विनासले तराई मधेश मरुभूमि हुन लागेको छ । तराई मधेशको तल्लो भूभागमा पिउने पानीको समेत गम्भीर समस्या उत्पन्न भएको छ । सिँचाइको अवस्था अत्यन्त खराब छ । चुरेको संरक्षण गर्न अनिवार्य भइसकेको छ । तर त्यो भाषणमा मात्र सीमित छ । सत्तासीन दलका नेताहरु आफ्ना लाभका लागि वन विनास गरिरहेका छन् । सरकारले भूमाफियालाई प्रत्यक्ष लाभ पुऱ्याउन भूमिसम्बन्धी अध्यादेश ल्याएको आरोप लागेको छ । सत्ताको प्रमुख घटक नेपाली काँग्रेसका नेताहरुले पनि सरकारले छलफल बिना नै अध्यादेश ल्याएको आरोप संसदमै लगाउन थालेका छन् । हुन त भूमिसम्बन्धी अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले पनि रोकेका थिए । तर सरकारको दबाबमा उनले तेस्रो दिन नै अध्यादेश जारी गर्न बाध्य भए । जसपा नेपाल र लोसपा नेपालले अध्यादेशको विरोध गर्दै पारित गर्न अस्वीकार गरेपछि राष्ट्रिय सभाबाट पारित हुन नसक्ने प्रष्ट भएको छ । हुन त मधेशी दलहरुले विरोध गरेको अध्यादेशलाई माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) , नेकपा एसलगायतले पारित गर्न राष्ट्रिय सभामा समर्थन गर्ने सम्भावना जिवित नै छ । तर मधेशी दलहरु जसपा नेपाल र लोसपा एउटा एजेण्डामा एकमत हुनु सकारात्मक हो । मधेश केन्द्रित दलहरु यस्ता विषयमा गोलबद्ध हुन आवश्यक छ ।

# कता हराए माओवादी आदर्श र सपना ?



नरेन्द्रजंग पिटर

एकता केन्द्रताका रामबहादुर थापा 'बादल' राप्ती अञ्चल पार्टी सचिव हुँदा इन्चार्ज वासुदेव गौतम उनलाई इमानदार उग्रवादी भन्थे । उनको नेतृत्वमा रुकुम, रोल्पामा वर्गसंघर्षले व्यावहारिक रूप लिँदै थियो । 'सिज अभियान' चलिसकेको थियो । तर पनि 'जनयुद्ध' घोषणा नभएपछि निराश बादल पार्टी काम छाडेर ससुराली भैरहवा बस्दा उनलाई विश्वस्त बनाउँदै फर्काउनुपरेको थियो । अहिले 'जनयुद्ध'सम्बन्धी विश्लेषण एमाले अध्यक्ष केपी शर्मा ओली र बादलको ठ्याक्कै मिल्छ । 'जनयुद्ध' को बीभत्सताबारे चर्चा गरिँदा उनी निन्याउरो अनुहारले सुनिरहन विवश हुन्छन् ।

अर्का कमान्डर एवं नीति-निर्माताामध्येका एक डा. बाबुराम भट्टराईले त यस पङ्क्तिकारसँग 'जनयुद्ध'लाई 'रेडिकल डेमोक्र्याटिक मुभमेन्ट' मात्रै थियो भनेका थिए । 'जनयुद्ध' ३०औं वर्षमा प्रवेश गर्दैगर्दा एउटा गम्भीर प्रश्न उठ्छ-के माओवादीले देखेका सपनाहरू अझै बाँचेका छन् ? कि तिनको अस्तित्व समाप्त भइसकेको छ ? कि फस्ट बेन्चर माओवादी नै त्यसबेला भ्रमित सपनामा थिए ? हिजो समाजवादको सपना बोकेर सशस्त्र संघर्षमा होमिएका योद्धाहरू आज कहाँ छन् ? के उनीहरू क्रान्तिको लक्ष्यमा पुगे ? वा गुग्ने रोडम्यापमै हिँडिरहेका छन् ? के त्याग गरेका थिए, के लिएर फर्किए र अहिले के बन्दै र सोच्दै होलान् ?

सपना केवल कल्पनामा मात्र सीमित हुँदैन, तिनलाई वास्तविकतामा फेर्न बलिदान, त्याग र निरन्तर संघर्ष आवश्यक पर्छ । सपनाबिना विपना बन्दैन तर देखेका सपनाहरू आफैं वास्तविकतामा भने फेरिँदैनन् । सपनालाई साकार पार्न मूल्य चुकाउनुपर्छ, अनि त्यसको नेतृत्व पनि आफैँले गर्नुपर्छ । तर, अहिले प्रश्न उठ्छ-के सपनाहरू हराए ? मरे ? कि बाँचिरहेका छन् ? जब सपना देख्नेहरू नै सम्झौतावादी, सुविधाभोगी र अवसरवादी बन्दै जान्छन्, तब परिवर्तनको दिशा अन्योलमा पर्छ । यसको उत्तर स्वप्नद्रष्टाहरूको जीवनशैली र व्यवहारले निर्धारण गर्छ । मर्नु र बाँच्नुको मानक के हो ? सङ्केतहरू नै सन्देश बन्छन् । वास्तविकता स्वीकार गर्दै विचारलाई आत्मसात् गर्न, जीवनका परिभाषालाई नवीन दृष्टिकोणले हेर्न आवश्यक हुन्छ ।

### क्रान्तिको वास्तविकता: सपना कि साधन ?

क्रान्तिको बाटोमा गुलाफका फूल बिछ्याइँदैनन्, काँडाको बाटोबाट गुज्रिनै पर्छ । क्रान्ति केवल सपनामा सीमित हुने कि सामाजिक परिवर्तनको साधन बन्ने ? यो गम्भीर प्रश्न हो । बाहिर देखिने दृश्यभन्दा दृश्यपछाडिका अनदेखा पक्षहरू अझ महत्त्वपूर्ण हुन्छन् । आरोप त धेरै लाग्यो, मनोयुद्धका ट्रेन्चमा अनेकौं कथ्यहरू रचिए पनि । तर, समग्र समीक्षा हुनै नपाई माओवादीमा विघटन प्रक्रिया तीव्र भयो । अब त्यो बेलाको केन्द्रीय कमिटीबाट समग्र समीक्षा हुने छैन ।क्रान्ति सामाजिक रूपान्तरणको साधन मात्रै हो । साध्यका लागि साधनको भूमिकामा पनि ध्यान दिइन्छ । क्रान्तिको बाटो कहिल्यै सहज नहुने मात्रै होइन, क्रान्तिलाई केवल सत्ताप्राप्तिको साधन मात्रै बनाइन्छ भने त्यहाँ विचलन सुरु हुन्छ । राजनीतिका मोर्चाहरूमा सम्झौता हुन्छन् तर नेतृत्व नै सम्झौतावादी बनेपछि विचारधारा निष्क्रिय हुन्छ । माओवादी आन्दोलन न आदर्शको दिशामा अडिग, न स्पष्ट गन्तव्यमा केन्द्रित देखिन्छ ।

### कम्युनिस्ट आन्दोलन: बाटो भुलेको यात्रा ?

सिद्धान्तलाई अवलम्बन नगर्ने, सत्ता र सिद्धान्तलाई घालमेल गर्ने र वर्गसंघर्षलाई सतही रूपमा मात्र बुझ्ने प्रवृत्तिले माओवादी आन्दोलन कमजोर बन्यो । मार्क्स, एङ्गेल्स, लेनिन र माओले कुनै निश्चित सूत्र नेपाली माओवादीलाई दिएनन् । तर, समाजका अन्तर्विरोधहरू पहिचान गरी समाधान खोज्नु नै आन्दोलनको मर्म हुन्थ्यो ।

कम्युनिस्ट आन्दोलन वर्गसंघर्षमा आधारित हुन्छ । अन्ततः सशस्त्र संघर्षको अवधारणा नै त्यसको केन्द्रविन्दु हो । वर्गहरू निरन्तर फेरबदल भइरहेका हुन्छन्, सत्य पनि स्थिर हुँदैन । विज्ञान र दर्शनजस्तै समाज पनि परिवर्तनशील हुन्छ । वर्गसंघर्ष निरन्तर र गतिशील रहन्छ । तर, आजको कम्युनिस्ट आन्दोलन भने दिशाहीन देखिन्छ ।

प्रसिद्ध भारतीय कम्युनिस्ट विचारक प्रो. रणधीर सिंहले नेपाली माओवादीहरूको यात्रा मूल्याङ्कन गर्दै भनेका थिए, 'एक यात्रा अघि बढ्दै थियो, तर बीचैमा बाटो भुल्यो, गन्तव्य पनि बिर्सियो ।'

कम्युनिस्ट आन्दोलनको मौलिकता नहाँकिनु हो । समाजका अन्तर्विरोधहरूको पहिचान र समाधान खोज्नु नै आन्दोलनको मर्म हुन्थ्यो । तर, माओवादी आन्दोलनमा न सूत्रवादी सोच, न सिर्जनात्मकतालाई प्राथमिकता । अर्कोतर्फ, सिद्धान्तलाई महत्त्वहीन ठान्ने प्रवृत्ति त्यत्तिकै बढ्दै गयो । सिद्धान्तको आवरणमा हुने अनेकौं खेल र झेल नै राजनीतिभित्र छुद्र दाउपेच बने ।

### बजारवाद, स्वार्थ र आदर्शको क्षय

बजार अर्थतन्त्र हावी भएपछि समाजवादको मर्म हराउँदै जान्छ । स्वार्थ र व्यक्तिगत महत्त्वाकाङ्क्षाले सकेन । 'त्यागी'हरूमा सत्ताको पहिलो हिस्सेदार आफूलाई बनाउने प्रवृत्ति मौलायो । त्याग गर्नेले नै त्याग त्यागेपछि अवसरलाई टुप्पीमाथि राख्न खोज्ने सत्तामजाको स्वाद सबैभन्दा प्रिय बन्यो ।

संसदीय राजनीतिमा कार्यकर्ता आधारित पार्टी नभई 'मास बेस्ड पार्टी' बनाउने बाध्यताले वन साङ्लाले घर साङ्लालाई खाएको मात्रै थिएन, योद्धाहरूले नै योद्धा किन बनेका थियौं भन्ने सोच नै बिर्सिए । नव-राजनीतिज्ञहरूको उदयसँगै आदर्शको मूल्य कर्णालीमा सलल बग्दै गयो । एकातर्फ परिवर्तनले पैदा गरेका महत्त्वाकाङ्क्षाको व्यवस्थापन हुन सकेन भने अर्कोतर्फ लालसाका रसायन ह्वात्तै बढे । राजनीति व्यवसाय बन्न पुग्यो । राजनीतिलाई व्यवसाय ठानिएपछि आदर्श र सपना स्वाहा हुन्छन् । नैतिक पुँजी खस्कँदै जान्छ । सत्ता र व्यवसायको कक्टेलले भ्रष्टता लुकाउन वा वैधता दिन अरुलाई पनि भ्रष्ट गराउनुपर्थ्यो । भ्रष्ट बन्ने, बनाउने खेल म्याराथन गतिमा चल्दै गयो ।

### इतिहासको समीक्षा आवश्यक

इतिहासले सधैं परीक्षा लिन्छ । आत्मसमीक्षाबिना सुधार सम्भव हुँदैन । राजनीति जब दर्शन र आदर्शबिना चल्छ, तब त्यो केवल सत्ताको खेल बन्न पुग्छ । विश्व कम्युनिस्ट आन्दोलनजस्तै नेपाली कम्युनिस्टहरूमा पनि आए । राजनीतिक क्षेत्रमा आदर्शले भन्दा स्वार्थपूर्ण असहिष्णुताले ठाउँ ओगट्यो । भाष्य फेरिँदा र पुराना नेतृत्व असफल हुँदा नयाँ पुस्ताले पुरानै गल्ती दोहोऱ्यायो भने इतिहास पुनः दोहोरिन्छ ।

### बिट मार्दै गर्दा

-राजनीतिक परिवर्तन केवल सत्ता हस्तान्तरण होइन, यो विचार, दृष्टिकोण र समाज रूपान्तरणको यात्रा हो । तर, जब नेतृत्व अहङ्कार, षड्यन्त्र र स्वार्थमा फस्छ, तब पार्टीहरू केवल 'भक्तमण्डली'को भिडमा फेरिन्छन् । हरेक पार्टीभित्र बहस नहोस् र आदेशपालक बनोस् भनेर जम्बो कमिटी बनाइए ।

-माओवादी आदर्श र सपना सेलाउनु केवल व्यक्तिगत पतन होइन, समाज, समय र राजनीतिक संस्कृतिप्रति पनि आघात हो ।

-क्रान्ति केवल सपनामा सीमित रहनेछ वा वास्तवमै परिवर्तन ल्याउने साधन बन्न सक्नेछ ? सहादतको मूल्य कति हो ? विद्रोहको अन्तिम गन्तव्य के हो ?

-आन्दोलनको नेतृत्वले ओजन धान्न नसके पनि आन्दोलनका उपलब्धि, सन्देश, शिक्षा र सामाजिक हस्तक्षेपले जगाएको आशा, राजतन्त्रबाट गणतन्त्रको ऐतिहासिक संघार छिचोल्नु, त्यसका सौन्दर्यले उत्पीडित जाति, क्षेत्र र समुदायमा पलाएको आत्मविश्वास र



क्रान्तिको लक्ष्यलाई पन्छाएर, सत्ता र सुविधाको खेललाई प्राथमिकता दिन्छ । बजारवादले केवल अर्थतन्त्रलाई मात्र होइन, विचारधारा, समाज र संस्कृतिलाई पनि विकृत बनाउँछ । कर्पोरेट पुँजीवादको स्वार्थी संरचनाभित्र समाजवादी लवेदा ओढ्ने प्रवृत्तिहरू मौलाउँदै जान्छन् ।

बजार अर्थतन्त्र सोचमै हावी भएपछि विचार, त्याग र सपना तपसिलमा पुगे । त्यसले समाजको सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रलाई नराम्रोसँग गिजोल्यो । समाजवादी देखिने तर पुँजीवादी सोचलाई सौन्दर्यकरण गर्ने प्रवृत्ति मौलाए । मानवीय जीवनमा पैदा गरेका समस्याले आचार, विचार र व्यवहारमा गरेको हस्तक्षेप र सामाजिक एवं सांस्कृतिक क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई नै सौन्दर्यकरण गरेर आफूलाई समाजवादी भनिरहनेहरूलाई भने सुविधा मिल्यो । भन्ने र गर्नेबीचको भिन्नता प्रस्ट देखा पर्दै गए ।

### नेतृत्वको चरित्र: आदर्शको पतनको कारण

सत्तासँग आदर्श पचाउने अचुक पाचक हुन्छ । हिजोका क्रान्तिकारीहरू आज सुविधाभोगी एकाएक बनेका होइनन्, यसको क्रम लामै छ । प्रतिस्पर्धाका रूप र चरित्र फेरिए तर नयाँ मोर्चामा लड्न सक्ने योग्यता, क्षमता र दक्षता हुन अहिले आत्मसमीक्षाको खाँचो टड्कारो देखिँदै छ । हामी भूसंवेदनशील भूभागमा छौं । विश्व राजनीति नै अति राष्ट्रवादको चपेटामा छ । शिरमा बजारशास्त्र रह्यो । पुँजी र प्रविधिको सेवा अतिवादलाई छ । प्रविधि विज्ञान र दर्शनलाई भन्दा अन्धविश्वास र अतिवाद फैलाउने साधन बन्दै छ ।विज्ञानले आफूलाई पुनरावलोकन गर्छ । राजनीति पनि समाज विज्ञानको उच्चतम रूप भएकाले दर्शनले यसलाई निर्देशित गर्छ । जब दर्शनलाई नैतिकता र विचारधाराबाट अलग गरिन्छ, तब राजनीति केवल सत्ताप्राप्तिको खेल बन्छ । सामाजिक परिवर्तनमा कहिलेकाहीँ ठूलो गल्ती गर्दा पनि सफल हुन सकिन्छ भने कहिलेकाहीँ उम्दा तयारी र होसियारी गर्दागर्दै पनि सामान्य गल्तीले पराजित भइन्छ । या त सङ्ग्रामबाट या सहमतिबाट नयाँ परिवेश तयार हुन्छ । योजना, लक्ष्य, तागत चाहिन्छ । दोस्रोका लागि पुनःविश्वास । राजनीतिलाई व्यवसाय र उद्योग सोच्ने नवराजनीतिज्ञहरूले आदर्शको मूल्य भुक्तान पनि गरिन्छ र गर्नुपर्छ भन्ने सोच्दैनन् ।

परिवर्तन सित्तैँमा आएको होइन भन्ने थाहा नपाउनुलाई आश्चर्य मान्नै पर्दैन । आन्दोलनका मोर्चा फेरिए । भूमिका बदलियो । ध्येय र सुदूर आदर्शमा अन्तर भूमिकाले युग नै परिवर्तनको सन्देश दियो ।

-फ्रान्सेली क्रान्तिको समयमा क्रान्तिकारी विचारधारा जेकोवियन क्लबका प्रमुख नेता म्याक्सिमिलियन रोब्सपिएर थिए । क्रान्तिले आफ्नै पितालाई खाएझैं उनले पनि गिलेटिनमा सेरिनुपऱ्यो । सामाजिक समानता, जनताका अधिकार र क्रान्तिकारी सुधारका अगुवा जेकोवियनहरूले धर्मलाई राज्यबाट पृथक् गरे । संसारमै पहिलोपटक राजतन्त्रबाट गणतन्त्रमा फेरेको शिक्षा र सन्देश अहिले विश्व राजनीतिको प्रस्थान विन्दु बनेको छ । जेकोवियन विद्रोहको अपहरण गरिए पनि कालान्तरमा त्यो अर्कै रूपमा पुनर्स्थापित भयो । आधुनिक समाजलाई गहिरो प्रभाव पारेर समानता, भ्रातृत्व र प्रजातन्त्रको जग बसाल्दै विश्वभरि स्वतन्त्रताको लहर फैलायो । क्रान्ति लोकतन्त्रको आधारस्तम्भ बनेर त्यसको प्रभाव आज पनि संसारभर देखिन्छ ।

-आन्दोलन मत्थर, गति जे पनि हुन सक्छ, स्वयम् नेतृत्वले त्यसको वजन, मर्म, आदर्श थाम्न नसके पनि आन्दोलनको शिक्षा र प्रभाव भने मेटिँदैन । स्पार्टाकसका सन्तानहरू रक्तबीज भएर पुनः जन्मनेछन्–कुनै पनि समय, कुनै पनि ठाउँमा ।

# वनक्षेत्रबाट विस्थापित हुँदै आदिवासी समुदाय

कुम्भराज राई

विसं २०७७ साउन ३ गते चितवनको माडी नगरपालिका-९ कुसुमखोलामा बसोबास गर्दै आएका १० भन्दाबढी चेपाङ समुदायको घर हात्ती लगाएर भत्काउँदै जलाइयो । उक्त कार्यमा चितवन राष्ट्रिय निकुञ्जका सहायक वार्डेनको टोलीसहित सेनाको सङ्लग्नता थियो । निकुञ्जको जग्गा मिचेको आरोपसहित उनीहरूको बस्तीमा आगो लगाइएको थियो ।

सो घटनापश्चात विभिन्न मानवअधिकारवादी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले आपत्ति जनाए । माडी नगरपालिकाले एक सय ६० घरधुरी चेपाङलाई नयाँ बस्तीमा स्थानान्तरण गरे पनि अझै केही घर पुरानै क्षेत्रमा छन् । "चेपाङहरू जङ्गल आसपास बस्न मन पराउने भएकाले केही घरधुरीलाई हामीले अनुरोध गर्दा पनि सर्न मान्नुभएको छैन", सो वडाका वडाध्यक्ष घनश्याम दवाडीले भन्नुभयो, "अहिले पनि वर्षमा एक-दुई पटक निकुञ्जले हात्ती लैजाने, हटाउने प्रयास गरिरहेको छ ।" सो घटनामा दूधे बालक र वृद्धवृद्धासहित ५२ जनाको बिल्लीबाठ भएको थियो ।

त्यस्तै २०७७ साउन १ मा चितवनको राप्ती नगरपालिका-२ का २४ वर्षीय राजकुमार चेपाङसहित सातजना घोंगी टिप्न निकुञ्ज प्रवेश गरेका थिए । उनीहरूलाई नेपाली सेनाले पक्राउ गरी कुटपिट गर्दा त्यसको सात दिनपछि राजकुमारको मृत्यु भयो । अम्बा, निबुवाजस्ता जङ्गली फलफूल र घोंगी टिप्न निकुञ्ज क्षेत्र प्रवेश गरेका उनीहरूलाई निकुञ्जको सुरक्षार्थ खटिएका सेनाले अमानवीय यातना दिएका थिए ।

पछि उच्च अदालत हेटौंडाले कुटपिटमा सङ्लग्न नेपाली सेनाको तत्कालीन सिद्धिबक्स गणका हुद्दा चिरणकुमार बुढालाई जन्मकैदको फैसला गरे पनि घटनामा सङ्लग्न अन्य सेनाले छुट पाए । तर जीविकाकै लागि निकुञ्ज प्रवेश गरेका राजकुमारले ज्यान गुमाए । यस्ता घटना धेरै छन्, कमै मात्र सार्वजनिक हुने गर्दछन् ।

चेपाङलगायत अधिकांश आदिवासी जनजाति समुदाय जल, जमिन र जङ्गलसँग निकट मानिन्छन् । प्राकृतिक स्रोत साधनमा निर्भर यो समुदायले विज्ञान प्रविधिभन्दा रैथाने ज्ञान, प्रथा, परम्परालाई बढी महत्व दिन्छन् ।

अन्तर्राष्ट्रिय सन्धि, महासन्धिसमेतले आदिवासी समुदायको जल, जमिन र जङ्गल उपयोग गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । नेपालले त्यस्ता महासन्धिमा पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गरेको छ । तर, नेपालकै 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९'ले वर्षौंदेखिको आदिवासी समुदायको अधिकार हनन् गर्दै आएको छ ।


विसं २०७८ को जनगणनाअनुसार कूल जनसङ्ख्याको ३५ दशमलव ०४ प्रतिशत रहेको आदिवासी जनजातिको अधिकार पटकपटक खोसिरहेका छन् । कतिपय कानुनमै समस्या रहेको छ भने कतिपय अवस्थामा त्यसको कार्यान्वयन फितलो हुँदा पीडितले न्याय पाउन सकेका छैनन् ।

### शिकार आरक्षमा झनै समस्या

मुलुकको एकमात्र शिकार आरक्ष हो ढोरपाटन शिकार आरक्ष । २०३९ सालमा यो आरक्ष स्थापना गरिँदा त्यहाँका आदिवासी जनजाति मगर समुदायको भूमि कब्जा गरिएको थियो । त्यतिखेर पञ्चायतकालीन समयमा असन्तुष्टि व्यक्त भए पनि आन्दोलनको रूप लिन सकेन ।

त्यहाँ बाग्लुङको चार, रुकुमको सात र म्याग्दीको तीन वटा गरी १४ वटा गाविस हडप्ने काम गरियो । यसका कारण स्थानीयले समस्या भोग्न थाले । उनीहरूले शिकार आरक्षप्रति असन्तुष्टि जनाउँदै ढोरपाटन शिकार आरक्षको खारेज गरी सामुदायिक स्व-व्यवस्थापनमा रूपान्तरण गर्न, आरक्षको सुरक्षार्थ नाममा नेपाली सेनाको क्याम्प स्थापना गर्ने सरकारी निर्णय खारेजको माग राख्दै आएका छन् ।

आदिवासीहरूको मानव अधिकारको सम्मानलगायतका मागसहित स्थानीयवासीले २०७२ सालपछि विभिन्न आन्दोलन गर्दै आएका छन् । सो क्षेत्रमा मध्यवर्ती क्षेत्र स्थापना गर्ने भनिए पनि स्थानीयवासीले सिधै शिकार आरक्ष खारेजीको



माग गरेका छन् ।

केही समयअघि प्राकृतिक स्रोत संरक्षणविज्ञ डा कमल थापा र अधिवक्ता इन्दिराकुमारी श्रीस मगरले गरेको एक अध्ययनले पनि यसक्षेत्रको पारिस्थितिकीय प्रणाली सुधार गर्न पुराना संरक्षणका रणनीति तथा अभ्यासहरू काम नलाग्ने निष्कर्ष निकालिएको थियो । आदिवासी रैथाने ज्ञानलाई मिचेर बनाइएको शिकार आरक्ष क्षेत्रले आम्दानीको तुलनामा घाटा बढी व्यहोरेको छ भने जङ्गली जनावरको सङ्ख्यामा पनि उत्साहजनक वृद्धि देखिएको छैन ।

इन्डिजिनियस वुमन लिगल अवेयरनेस ग्रुप (इनोल्याग) की अध्यक्षसमेत रहनुभएकी अधिवक्ता इन्दिरा श्रीस मगर भन्नुहुन्छ, "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन नै संशोधन हुनुपर्छ । आदिवासी अधिकारको पक्षबाट हेर्दा भूमीको पुनःव्यवस्थापन हुनुपर्थ्यो, त्यो भएन । हामीसँग जग्गा प्राप्ति ऐनहरू पनि छन् । निकुञ्ज गठन गर्दा स्थानीयको जग्गा चाहिएमा उनीहरूलाई छुट्टै जग्गा दिनुपर्ने व्यवस्था छ तर कतै कार्यान्वयन भएको छैन ।"

उहाँले नियमावली, निर्देशिका बनाएर सानोतिनो काम भएपनि मुख्य समस्या ऐनमै रहेको बताउनुभयो । "संरक्षणको नाममा आदिवासी समुदायलाई विस्थापित गर्नु हुँदैन," उहाँले भन्नुभयो, "कम्तिमा नेपाल पक्ष राष्ट्र भएको अन्तर र्राष्ट्रिय महासन्धि आइएलओ १६९, युनड्रिप धारा २८ लगायतको कार्यान्वयन गर्नुपर्छ ।"

हालै मात्र इनोल्यागले ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज गरी चार ठाउँमा अध्ययन गरेको छ । उक्त संस्थाले ती चारवटै क्षेत्रमा आदिवासी महिला मानवअधिकार रक्षक समूहसमेत गठन गरेको छ । ती क्षेत्रमा बस्ने आदिवासी महिलाहरूले घाँस, दाउरा, गोठालालगायतका जीविकासँग सम्बन्धित क्रियाकलापमा संलग्न हुँदा विभिन्न हिंसा भोग्दै आएकाले अधिकारका लागि रक्षक समूह गठन गरेको संस्थाले जनाएको छ ।

### उपेक्षामा आदिवासी

समाजशास्त्री डा मीना पौडेल करिब २५ वर्षअघि नवलपरासीको नारायणी नदी किनार क्षेत्रमा बसोबास गर्ने बोटे समुदायमा पुग्नुभएको थियो । त्यतिखेर उनीहरू भर्खरै चितवन राष्ट्रिय निकुञ्जबाट विस्थापित भएपछि नारायणी नदी किनारमा बसोबास गरेका थिए । "उनीहरूको एउटै माग थियो । हामीलाई जहाँ सारिए पनि नदी खोलामा माछा मार्नु पाउनुपऱ्यो । हामी अरू काम गर्न जान्दैनौं", ती दिन स्मरण गर्दै पौडेलले भन्नुभयो, "तर पछि विभिन्न ऐन कानुन देखाएर उनीहरूलाई माछा मार्न प्रतिबन्ध लगाइयो ।" तिनै बोटे समुदायका अधिकांश युवा अहिले वैदेशिक रोजगारीमा पुगेको उहाँ बताउनुहुन्छ । "गाउँमा भएका केहीले त्यहीँ नजिकै स्थापना भएको चाउचाउ उद्योगमा काम गर्छन्", उहाँले भन्नुभयो, "राज्यले आदिवासीलाई हेर्ने दृष्टिकोण सधैं उपेक्षित देखिन्छ ।"

### मेरापिकमा महासङ्घको आपत्ति

सरकारले सोलुखुम्बुको महाकुलुङ, सोताङ र माप्य दूधकोशी गाउँपालिकालाई समेटेर मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको छ । उक्त कार्य सरोकारवाला आदिवासी जनजाति समुदायसँगको परामर्शबिना हुन लागेको महासङ्घले जनाएको छ । महासङ्घले गत कात्तिक २३ गते उक्त प्रस्ताव कार्यान्वयन नगर्न माग गर्दै वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीलाई ज्ञापनपत्र बुझाएको थियो ।

नेपालको संविधानको धारा ५१(ञ) को ८, जैविक विविधता महासन्धि १९९२, आइएलओ महासन्धि १६९ लगायतमा उल्लेख भए विपरीत सरकारले एकलौटी ढङ्गबाट मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको आदिवासी जनजाति महासङ्घका नेताहरू बताउँछन् ।

"आदिवासी जनजातिहरूको प्रथा जनित अभ्यास र परम्परागत जीवनपद्धतिलाई उपेक्षा गर्दै आदिवासी जनजातिहरूको प्राकृतिक स्रोत साधनको उपयोगमा बन्देज लगाउँदै राज्यले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र र शिकार क्षेत्रहरू घोषणा गरिरहने र आदिवासी जनजातिहरूको मानवअधिकार उल्लङ्घन गर्ने काम भइरहेको छ", महासङ्घका महासचिव दिवस राईले भन्नुभयो, "हाल सोलुखुम्बुमा घोषणा गर्न लागिएको राष्ट्रिय निकुञ्जले हामी आदिवासी जनजातिको थातथलो खोसिन लागेकोप्रति सशङ्कित र आतङ्कित बनाएको छ ।"

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक रामचन्द्र कँडेलले भने नयाँ निकुञ्ज गठन नभएर त्यसक्षेत्रको व्यवस्थापनमा कठिनाइ भएकाले त्यसलाई निकुञ्ज क्षेत्र जसरी व्यवस्थित गर्न खोजिएको मात्र बताउनुभयो । त्यसक्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गर्न विभागले प्रस्ताव गरेको उहाँको भनाइ छ ।

महानिर्देशक रामचन्द्र कँडेल आवश्यक भएमा 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९' परिमार्जन गर्न सकिने बताउहुन्छ । "ऐनमा केले अप्ठ्यारो पारेको छ, त्यो विषय प्राप्त भएमा हामी संशोधन गर्न तयार छौं" उहाँले भन्नुभयो, "हामीले जनताको सर्वोच्चतालाई कायम गरेर काम गरिरहेका छौं ।

नेपालमा १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र तथा १३ मध्यवर्ती क्षेत्र छन् । ती सबै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मातहत सञ्चालित छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार विभागले काम गर्दै आएको छ ।

मानवअधिकार तथा नेपाली आदिवासी समुदायका कानुन व्यवसायीहरूको सङ्गठन (लाहुर्निप) का अध्यक्ष दिनेशकुमार घले नेपालको संविधानअनुसार मुलुक सङ्घीय संरचनामा गए पनि २०८९ सालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनका प्रावधान परिवर्तन नभएको बताउनुहुन्छ ।

"कतिपय ऐनका प्रावधानहरू संविधानभन्दा माथि छन्, समयसापेक्ष ढङ्गले विकासका अवधारणाहरू परिवर्तन हुँदै आए", उहाँले भन्नुभयो, "विश्वव्यापीकरण र मानवअधिकारका दृष्टिकोणलाई समावेश गरेर परिमार्जन गर्न जरुरी छ । त्यस्ता ऐनहरू अत्यन्तै केन्द्रिकृत र निरकुंश छ ।"संविधानले सुनिश्चित गरेको हकहरू, अन्तर र्ष्टिय कानुनलाई ती ऐनले सम्बोधन नगरेको उहाँको ठम्याइ छ । ती ऐन परिमार्जन गर्ने कुरामा सरकार गम्भीर नभएको उहाँ बताउनुहुन्छ ।

# नदी संरक्षणमा सबैले सहकार्य गरौँः पर्यटनमन्त्री पाण्डे



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डे ले नदी संरक्षणमा सबैको सहकार्य, समन्वय आवश्यक पर्ने भन्दै यो विषयलाई सबैले गम्भीरताका साथ लिनुपर्ने बताउनुभएको छ।

नेपाल पर्यटन बोर्डले सुरु गरेको 'फोटो नेपाल प्रदर्शनी' अन्तर्गत नवीन बरालको 'कर्णाली नदीः तीन देशका तस्बिरहरू' मा तस्बिर लिएर उद्घाटन गर्दै उहाँले नदीको प्राकृतिक सौन्दर्य नबिग्रिने गरी पूर्वाधार तथा भौतिक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो।

"कर्णाली नदीसहित मुलुकमा रहेका अन्य महत्वपूर्या नदीहरूको संरक्षण गर्ने, अवैध दोहन नगने' विषयमा गरिएका छलफललाई गम्भीरताका साथ लिनुपर्छ", पर्यटनमन्त्री पाण्डेले भन्नुभयो, "नदीको किनारमा क्रसर उद्योग खोल्ने, हाइड्रोपावर निर्माण गर्नेलगायत कार्यले नदीको प्राकृतिक स्वरूपमा आँच आइरहेको छ । मानवका रक्त नली जस्तै नदीहरूको सम्बन्ध पनि भूगर्वसम्म रहने गर्छ।"


उहाँले विकास निर्माणका क्रममा नदीको प्राकृतिक सौन्दर्य नबिग्रने गरी दिगो रूपमा पूर्वाधार तथा भौतिक संरचना बनाउनुपने'मा जोड दिनुभयो। मन्त्री पाण्डेले विकसित राष्ट्रहरूबाट असन्तुलित रूपमा भएको प्राकृतिक दोहनका कारण जलवायु परिवर्तनको असर बढ्दै गएको बताउँदै अन्नपूर्ण आधार शिविरसहित अन्य हिमालहरूमा हिउँ नभएको प्रति चिन्ता व्यक्त गर्नुभयो। मन्त्री पाण्डेले हिमालको हिउँ पग्लेर हिमाल, पहाड र समुन्द्री तट हुँदै समग्र विश्वमा असर परिरहेको बताउनुभयो।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले फोटो ग्राफीका माध्यमबाट नेपालको पर्यटन प्रवर्द्धन गर्न 'फोटो नेपाल' प्रभावकारी मञ्चका रूपमा रहेको बताउनुभयो। दुई दिने प्रदर्शनीमा नवीन बरालद्वारा प्रस्तुत 'कर्णाली नदीः तीन देश (चीन, नेपाल र भारत) का तस्बिरहरू' बाट प्रदर्शन गरिएका छन्।

प्रदर्शनमा राखिएका तस्बिर ४५ दिनमा एक हजार ८० किलो मिटर लामो साहसिक यात्रामार्फत कर्णाली नदीको अद्भूत सौन्दर्यलाई कैद गरिएको बोर्डले जनाएको छ। रासस

# मुलुकलाई सही बाटोमा लैजान सबैले वातावरण तयार गर्नु आवश्यकः महासचिव पोखरेल

महासचिव पोखरेलले मुलुकको आर्थिक अवस्था कमजोर रहेका बेला निजामती कर्मचारीको पनि सामाजिक जिवनमा समस्या उत्पन्न भएको भनाइ राख्नुभयो ।



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी(एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकलाई सही बाटोमा अगाडि बढाउनका लागि वातावरण तयार गर्नु आवश्यक रहेको बताउनुभयो।

नेपाल निजामती कर्मचारी सङ्गठनको १२औँ महाविधेशनको दोस्रो दिन आज सम्बोधन गर्दै उहाँले मुलुकलाई सहि बाटोमा अगाडि बढाउनका लागि वातावरण तयार गर्न यतिबेला सबैको कर्तत्व र जिम्मेवारी रहेको बताउनुभयो । महासचिव पोखरेलले मुलुकलाई सकारात्मकरूपमा अगाडि बढाउन खोजे पनि सफल हुन नदिने षडयन्त्र भइरहेको बताउनुभयो । अस्थिरितामा रमाउन चाहनेले प्रधानमन्त्री केपी शर्मा ओली र एमाले पार्टीविरुद्ध प्रहार गरिरहेको उहाँको भनाइ छ।

उहाँले अबको समय मुलुकको विकास र समृद्धिको रहेको भन्दै विकास र रूपान्तरणको कामको तीव्रता राज्यको कर्तव्यको रहेको स्पष्ट पार्नुभयो। पोखरेलले निजामती कर्मचारीले राज्यलाई सफल वा असफल बनाउने महत्वपूर्ण भूमिका खेल्ने गरेको बताउनुभयो । उहाँले राज्य प्रभावकारी भएन भनेर प्रश्न उठिरहेका बेला पछिल्लो समयमा राज्यलाई कसरी सफल बनाउन सकिन्छ भनेर विभिन्न तवरबाट छलफल र बहस आरम्भ गरेको उल्लेख गर्दै सुधारको दिशातर्फ अगाडि बढ्ने प्रयत्न भइरहेको बताउनुभयो।

"कानुनी र संरचनागत सुधार अहिलेको महत्वपूर्ण विषय बन्न पुगेको छ", उहाँले भन्नुभयो, "त्यो विषयलाई कसरी प्रभावकारी बनाउने भन्ने कुरा सबैभन्दा बलियो र भरपर्दो आधार निजामती कर्मचारी नै हो, तपाईँहरूले समस्या बुझ्नु भएको छ र समस्याको उपाय पनि खोज्न सक्नुहुन्छ ।" महासचिव पोखरेलले मुलुकको आर्थिक अवस्था कमजोर रहेका बेला निजामती कर्मचारीको पनि सामाजिक जिवनमा समस्या उत्पन्न भएको भनाइ राख्नुभयो।

उहाँले मुलुकको सामाजिक तथा आर्थिक विकासको समृद्धिलाई प्रभावकारी बनाउन राजनीतिलाई सही बाटोतर्फ लैजान आवश्यक रहेको बताउनुभयो । उहाँले राजनीतिक अस्थिरता अन्त्य गर्नका लागि नेपाली कांग्रेस र एमाले मिलेको बताउनुभयो। "दुई पार्टी मिल्नुको कारण जनताका बढ्दै गएको निराशालाई अन्त्य गर्न, खस्कदै गएको अर्थतन्त्रलाई सही दिशामा अगाडि बढाउन, विकासका कामलाई तीव्रता दिन र मुलुकको राजनीतिक स्थायित्वको आधार निर्माण गर्नु रहेको छ", उहाँले भन्नुभयो।

उहाँले अहिले दुई पार्टी मिले पनि आगामी निर्वाचनमा स्वच्छ प्रतिस्पर्धा गर्ने बताउनुभयो । पोखरेलले एमालेलाई बलियो र निर्णायक शक्ति बनाउनका लागि जरा केन्द्रीत अभियान सञ्चालन गरिएको धारणा राख्नुभयो । बुधबारदेखि सुरु भएको नेपाल निजामती कर्मचारी सङ्गठनको महाधिवेशन आज नयाँ नेतृत्व चयन गर्दै सकिने भएको छ। रासस

# प्रधानमन्त्री ओलीसंग कृषिमन्त्री अधिकारीको बैठक

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीलाई कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकारीले मन्त्रालयले सम्पादन गरिरहेका विभिन्न कामका प्रगति एवं समस्याका बारेमा जानकारी गराउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज भएको बैठकमा मन्त्री अधिकारीले रासायतिक मलको मौज्दात, कृषि लगानी दसक (२०८१-२०९१), राष्ट्रिय कृषि नीति र कृषि विधेयक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नेपाल कृषि अनुसन्धान परिषद्को पुनःसंरचना, मासु निर्यातका लागि भैँसी पाडापालन कार्यक्रम, उखु किसानको अनुदान र सहुलियत कृषि कर्जालगायत विषयमा प्रधानमन्त्रीलाई जानकारी गराउनुभएको थियो।



बैठकमा प्रधानमन्त्री ओलीले रासायनिक मल आपूर्ति र वितरणलाई छिटोछरितो र पारदर्शी बनाउँदै किसानलाई सँधै समस्या हुने अवस्था अन्त्य गर्न निर्देशन दिनुभएको थियो।

प्रधानमन्त्री ओलीले कुनै देशलाई नभई नेपाली जनतालाई खुसी पार्ने गरी स्वदेशमै मल उद्योग स्थापनाको तयारी र प्राङ्गारिक मलको प्रयोगमा पनि प्राथमिकता दिने नीति ल्याउन आग्रह गर्नुभयो। उहाँले रासायनिक मलका लागि समयमै बोलपत्र गर्न, तराईमा १० दिन, पहाडमा १५ दिनभन्दा बढी समय नलगाइ वितरण गरिसक्न पनि आग्रह गर्नुभयो।

**बैठकमा प्रधानमन्त्री ओलीले रासायनिक मल आपूर्ति र वितरणलाई छिटोछरितो र पारदर्शी बनाउँदै किसानलाई सँधै समस्या हुने अवस्था अन्त्य गर्न निर्देशन दिनुभएको थियो ।**

मन्त्रालयका अनुसार वार्षिक पाँच लाख ५० हजार मेट्रिकटन मलका लागि रु २७ अर्ब ९५ करोड रकम विनियोजन गरिएको छ। हालसम्म दुई लाख ४० हजार मेट्रिकटन मल आयात भएको छ भने गत वर्षको मौज्जादसमेत गरी दुई लाख ६३ हजार मेट्रिकटन बिक्री भइसकेको छ।

यस्तै हाल ३० हजार मेट्रिकटन युरिया मल आयात हुने क्रममा रहेको छ। अन्तर्राष्ट्रिय बजारमा युरिया मलको मूल्य बढ्दै गएकाले आयातकर्तासँग सम्झौता भइसकेको मल आपूर्ति हुन समस्या हुने र 'ग्लोबल टेण्डर'का लागि ४५ दिनसम्मको अवधि दिनुपर्ने कानुनी व्यवस्थाले समस्या हुने गरेको मन्त्रालयले बैठकमा प्रधानमन्त्रीलाई अवगत गराएको छ।

प्रधानमन्त्री ओलीले कृषिको आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउने खालको कृषि नीति बनाउन र विद्यमानरूपमा अनावश्यक भएका संरचनाहरू थप गरी स्रोत साधनको उपयोगिता बढाउन आग्रह गर्नुभयो।

यस्तै बैठकमा आगामी २०८१ चैत २६ र २७ गते काठमाडौँमा हुने बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहकार्यका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) कृषिमन्त्रीस्तरीय बैठकको तयारी भव्यरूपमा गर्न छलफल भएको छ। प्रधानमन्त्री ओलीले यस्ता मञ्चमा सहभागिता प्रभावकारी र वस्तुगत बनाउन तथा नेपालको समृद्धिको अपेक्षा पूरा गर्ने योजनामा सहयोग पुग्ने गरी प्रस्तुत हुन निर्देशन दिनुभयो।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मुख्यसचिव एकनारायण अर्याल, कृषि मन्त्रालयका सचिवद्वय डा गोविन्द शर्मा र डा राजेन्द्रप्रसाद मिश्रसमेत बैठकमा सहभागी हुनुहुन्थ्यो । प्रधानमन्त्री ओलीले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट प्रधानमन्त्रीको नाम हटाउन पनि बैठकमा स्मरण गराउनुभयो। रासस

# व्यवस्था परिवर्तनपछिका उपलब्धि संस्थागत गर्नुपर्नेमा उपप्रधानमन्त्री सिंहको जोड

मकवानपुर । उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले व्यवस्था परिवर्तनपछिका उपलब्धिलाई संस्थागत गर्नुपर्ने बताउनुभएको छ।



नेपाली कांग्रेस मकवानपुरले आज हेटौंडामा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले व्यवस्थाका उपलब्धिलाई संस्थागत गर्दै सकरात्मक ढङ्गबाट अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले राजनीतिक परिवर्तन जोगाउन आर्थिक समृद्धिलाई ध्यान दिनुपर्ने बताउनुभयो।

आर्थिक समृद्धिलाई नागरिकले महशुस गरेको खण्डमा व्यवस्थाले स्थायित्व प्राप्त गर्ने उहाँको भनाइ छ। उपप्रधानमन्त्री सिंहले नागरिकका लागि लक्षित गरी संविधानले निर्दिष्ट गरेका अधिकार सहज उपभोगमा सरकारले काम गर्नुपर्नेमा जोड दिँदै नागरिकका आवश्यकता र चाहना पुरा भएमात्र राजनीति सही बाटोमा आउने भएकाले त्यसमा कांग्रेसले विशेष ध्यान दिनु जरुरी रहेको औंल्याउनुभयो।

वर्तमान समयमा नागरिकले रोजगारी र विकास निर्माणको अपेक्षा गरिरहेको तथा विदेशिने वातावरणको अन्त्य चाहेको उहाँले बताउनुभयो । सो चाहना अनुरूप नै यो सरकारले काम गरिरहेको उल्लेख गर्दै उहाँले वर्तमान सरकारले राजनीतिक स्थायीत्व कायम गर्दै नागरिकको अपेक्षाअनुसारको काम गर्नुपर्ने मुल दायित्व रहेको बताउनुभयो।

पार्टी भित्रका विवाद समाधान गर्न माथिल्ला संरचनासँगको समन्वयमा छलफल र सहकार्यमा जोड दिन उहाँले निर्देशन गर्दै पार्टी सङ्गठन बलियो बनाउन आम कार्यकर्तालाई एकताबद्ध गर्नुपर्ने भएकाले कांग्रेसको गति त्यसतर्फ हुन जरुरी रहेको बताउनुभयो । रासस

## मालपोत कार्यालय मौलापुर रौतहट

## ३५ दिने सार्वजनिक सुचना

खखन महरा चमार गम्हरीया नाम दर्ताको तपसिलको जग्गा छोरीपटीको नातीनाता पर्ने जवाहिर राम चमारले आफनो नाममा नामसारी गरी पाउं भनी द.नं.२९१४ मिति ०८१।९।२१ गतेको माग निवेदन पर्न आएको हुँदा उल्लेखित जग्गामा अरु कसैको हकदावी छ वा छैन भनी निजको नाममा नामसारी भै गएमा कसैको हक जान्छ कि?सर्व साधारणको जानकारीको लागी यो ३५ दिने सार्वजनिक सुचना प्रकासित गरिएको छ। यो सुचना प्रकासित भएको मितीले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांगदाबी बमोजिम नामसारी भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ। माथी उल्लेखित जग्गा जिल्ला बारा साविक गाविस ईनर्वामाल वडा नं.५मा बस्ने जवाहिर राम चमारले आफनो नाममा नामसारी गरी पाउँ भनि माग निवेदन। सो जग्गाहरुको मोठ भिडान हुदा उक्त ज.ध.को मोठ श्रेस्तामा ज.ध.को विवरणमा खखन महरा चमार गम्हरिया मात्र उल्लेख रहेको जग्गाको विवरणमा गाविस सितलपुर वडा नं.८ख कि.न.२७ क्षे.०-०-१३ र वडा नं. ८ख कि.नं.१३१ क्षे.०-१-१ उल्लेख रही खखन महरा चमार,गम्हरीयाको नाममा मोठ कायम रोक्का देखिदैन भनि उल्लेख भएको देखिन्छ। सो जग्गा सम्बन्धमा जि.रौ.फतुवा विजयपुर न.पा.वडा न.१को च.न.५५० मिती ०८१।९।१९ गतेको पत्रबाट जि.रौ.साबिक गाविस सितलपुर अन्तर्गत गम्हरीया वार्ड नं.८ हाल फतुवा बिजयपुर नपा वडा नं.१मा बस्ने ज.ध.खखल महरा चमार र निजको एकमात्र श्रीमती रुनियाको कोखबाट कुनै छोराको जन्म नभई एकमात्र छोरी सुरतियाको जन्म भएकोमा सुरतियाको विवाह सामाजिक पररम्परा अनुसार जिल्ला बारा गाविस ईनर्वामाल वार्ड नं. ५ मा बस्ने रामना राम चमारसँग भई ज.ध.खखन महरा चमार, निजको एकमात्र श्रीमति रुनिया, मरुवाहरुको एकमात्र छोरी सुरतिया र सुरतियाको श्रीमान् रामना राम चमारको आ-आफनो कालगतिले मृत्यु भईमा रामना राम चमार र सुरतियाको शेषपछि हकखाने एकमात्र छोरा जवाहिर राम चमार रहेकोले ज.ध.खखन महरा चमारको नाम दर्ताको माथि उल्लेखित जग्गा जवाहिर राम चमारको नाममा नामसारी गर्न लेखी आएकोमा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदकको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन?उक्त जग्गा हाल कसकसको हकभोगमा रहेको छ? निवेदक र मृतकविच के नाता सम्बन्ध रहेको छ?ज.ध.खखन महरा चमारको कति जना छोराछोरी छन्? रामना चमार र सुरतिया देवीको कति जना छोराछोरी छन्?मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सुचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानुनबमोजिम भै जानेछ।

| गापा/नपा | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध |
|---|---|---|---|---|
| सितलपुर | ८ख | २७ | ०-०-१३ | खखन महरा चमार |
| सितलपुर | ८ख | १३१ | ०-१-१ | खखन महरा चमार |

# मुख्यमन्त्री कार्कीको अध्यक्षतामा प्रजातन्त्र दिवस मूल समारोह समिति गठन

मोरंग । कोशी प्रदेशमा राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ बिबिध कार्यक्रम आयोजन गरेर तीनदिन मनाइने भएको छ।

यसका लागि मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा मुल समारोह समिति आज गठन गरिएको छ । प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकले मुल समारोह समितिको अध्यक्षमा मुख्यमन्त्री कार्की र सदस्यमा प्रदेशसभाका सभामुख, उच्च अदालत विराटनगरका मख्य न्यायाधिश, प्रदेशका मन्त्री, प्रदेशसभाका उपसभामुख, प्रमूख विपक्षी दलका नेता, पूर्वमुख्यमन्त्रीहरू, राज्यमन्त्री, विराटनगर महानगरपालिकाका प्रमुख, मोरङका नगरपालिकाका प्रमुख, सुरक्षा निकायका प्रमुख रहने गरी ६५ सदस्य मूल समारोह समिति गठन गरेको मूल समारोह समितिको सचिवमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव रहनुभएको छ।



बैठकले फागुन ६ ,७ र ८ गते प्रजातन्त्र दिवस भव्यरूपमा मनाउने निर्णय गरेको छ।

फागुन ६ गते कार्यालय, घर आँगन, सार्वजनिक स्थलमा सरसफाईन गर्ने, रक्तदान, सोही साँझ दिपावली गर्ने कार्यक्रम रहेको यस्तै फागुन ७ गते विहान ७ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रोडशेष आगाडिबाट निस्कने प्रभातफेरीले रोडशेष चोक, भूमि प्रशासन चोक, ट्राफिक चोकसम्म पुगी पुनः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगी मूलसमारोहको कार्यक्रममा सहभागी हुने, सोही दिन साँझ दिपावली गर्ने कार्यक्रम छ।

यसैगरी फागुन ८ गते अस्पतालमा जेष्ठ नागरिक एवं वृद्धआश्रममा रहेका आश्रितलाई फलफुल वितरण गर्ने र साँझ दिपावली गर्ने कार्यक्रम रहेको छ।

सो अवसरमा मुख्यमन्त्री कार्कीले तानाशाही व्यवस्था अन्त्य गरी प्रजातन्त्र स्थापना भएको महत्वपूर्ण दिन भएकोले नागरिक सहभागिताका साथ भव्यरूपमा मनाउनुपर्ने बताउनुभयो।

उहाँले आगामी दिनमा प्रजातन्त्र दिवस, लोकतन्त्र दिवस, संविधान दिवसजस्ता महत्वपूर्ण दिनमा विधिध विधामा योगदान दिने नागरिकलाई सम्मान गरेमा यसले जनतामा जोड्नेकार्य गर्दछ भन्नुभयो । प्रदेश सरकार यस्ता दिवसलाई भव्यरूपमा मनाउन आगामी दिनमा नीति तथा कार्यक्रममा बजेटका व्यवस्था मिलाउनुपर्ने सुझाव उहाँले दिनुभयो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव एवं मूल समारोहमा सचिव कमल थापाले अगामी फागुन ४ गते बस्ने मूल समारोह समितिले प्रजातन्त्र दिवस भव्यरूपमा मनाउन थप सुझाव ग्रहण गर्ने जानकारी दिनुभयो।रासस

# ऊर्जामन्त्री खड्का र समकक्षी भारतका जलशक्ति मन्त्रीबीच भेट




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका जलशक्तिमन्त्री सीआर पाटिलबीच भेटवार्ता भएको छ।

'इण्डिया इनर्जी वीक-२०२५' मा भाग लिन भारतको नयाँदिल्ली पुगुभएका मन्त्री खड्काले आज भारतका समकक्षी पाटिलसँग श्रमशक्ति भवन नयाँदिल्लीमा भेटवार्ता गर्नुभएको हो।

भेटमा पञ्चेश्वर बहुउदेश्यीय आयोजनाको (विस्तृत परियोजना प्रतिवेदन) डिपीआर चाँडो सकेर आयोजना अघि बढाउने सहमति भएको भेटमा सहभागी ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीले जानकारी दिनुभयो।

सो क्रममा टनकपुरदेखि नेपाल-भारत सिमानासम्मको लिङ्क नहर निर्माण सम्पन्न भइसकेको तर यसका लागि सञ्चालन कार्यविधि सञ्चालन प्रक्रियालाई चाँडै अन्तिम रूप दिई महाकाली सन्धीअनुसार पानी छाड्ने सहमति भएको छ । यस्तै बाढी र डुबान व्यवस्थापनका लागि संयुक्त समितिको बैठक आगामी मार्च २२ देखि २४ सम्म गर्ने छलफल भएको र यसका लागि औपचारिक पत्राचार सम्बन्धित अधिकारीले गर्नेछन्।

यसैगरी सप्तकोशी बहुउदेश्यीय आयोजनाको डिपीआर सम्बन्धमा पनि दुई पक्षीय बैठकमार्फत छलफल अगाडि बढाउने सहमति भएको छ। ऊर्जामन्त्री खड्काले गत ५ नोभेम्बरमा भएको भेट र छलफलले दुई देशको सहकार्यमा जलस्रोतको क्षेत्रमा महत्वपूर्ण कार्यका लागि अघि बढ्न थप हौसला प्रदान गरेको स्मरण गर्नुभयो।

भेटमा भारतका जलशक्तिमन्त्री पाटिलले पञ्चेश्वर आयोजनाको डिपीआरलाई चाँडो अन्तिम रूप दिन र उक्त आयोजनालाई चाँडो अगाडि बढाउन भारत सरकार सकारात्मक रहेको बताउनुभएको थियो। रासस

# ट्रम्पको रिस टार्न खोज्दै मोदी

एएफपी

वासिंगटन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार ह्वाइट हाउसमा भेट हुँदा डोनाल्ड ट्रम्पसँगको मित्रता पुनर्जीवित गर्न र भन्सार तथा आप्रवासनमा अमेरिकी राष्ट्रपतिको रिसबाट बच्न प्रयास गर्नुहुनेछ।



ह्वाइट हाउसका अनुसार मोदीले ट्रम्पसँग संयुक्त पत्रकार सम्मेलन पनि गर्नुहुनेछ । सामाजिक सञ्जालको प्रभावशाली प्रयोगकर्ता तर पत्रकारहरूबाट बिरलै प्रश्न लिने भारतीय नेताको यो दुर्लभ कदम हो ।

रिपब्लिकन सत्तामा फर्किएपछि ओभल अफिसको ढोकामा पुग्ने विदेशी नेताहरूको श्रृङ्खलामा पछिल्लो नेता मोदीले आफ्नो पहिलो कार्यकालमा ट्रम्पसँग राम्रो सम्बन्ध साझा गर्नुभएको थियो ।

प्रधानमन्त्रीले आफ्नो भ्रमणअघि नयाँदिल्लीले उच्च-स्तरीय मोटरसाइकलहरूमा शुल्क कटौती गर्दै द्रुत भन्सार छुट प्रस्ताव गर्नुभएको छ। यो प्रतिष्ठित अमेरिकी निर्माता हार्ले-डेभिडसनका लागि फाइदाजनक छ । हार्ले-डेभिडसनको भारतमा सङ्घर्षले ट्रम्पलाई क्रोधित बनाएको छ ।

भारतले गत हप्ता ट्रम्पको आप्रवासन सुधारको एक हिस्साका रूपमा एक सयजना बन्दी बनाइएका आप्रवासीहरू बोकेको अमेरिकी सैन्य उडानलाई पनि स्वीकार गरेको छ र नयाँदिल्लीले अवैध आप्रवासनमाथि आफ्नै ‘कडा कारबाही’ गर्ने वचन दिएको छ ।

भारतका शीर्ष करियर कूटनीतिज्ञ विक्रम मिश्रीले गत हप्ता नेताहरूबीच ‘धेरै नजिकको सम्बन्ध’ रहेको बताउनुभयो । यद्यपि उहाँहरूको सम्बन्धले लामो समयदेखि खोजिएको द्विपक्षीय व्यापार सम्झौतामा सफलता ल्याउन सकेको छैन ।

नोभेम्बरको चुनावी जितपछि ‘असल मित्र’ ट्रम्पलाई बधाई दिने मोदी पहिलो मध्येका एक हुनुहुन्थ्यो ।

लगभग तीन दशकदेखि दुवै दलका अमेरिकी राष्ट्रपतिहरूले बढ्दो चीनविरुद्ध स्वाभाविक साझेदारका रूपमा भारतसँग सम्बन्ध निर्माण गर्न प्राथमिकता दिएका छन् ।

तर ट्रम्पले विगतमा आफ्नो नयाँ कार्यकालको सबैभन्दा ठूलो विदेश नीति व्यापारलाई लिएर पनि भारतविरुद्ध आक्रोश व्यक्त गर्नुभएको छ र विश्वको पाँचौं ठूलो अर्थतन्त्रलाई ‘सबैभन्दा ठूलो कर दुरुपयोगकर्ता’ भन्नुभएको छ ।

ट्रम्पले आफ्नो फिर्तीपछि साथी र शत्रुहरू विरुद्ध शुल्कलाई अप्रत्यासित रूपमा हतियार बनाउनुभएको छ ।

“मोदीले यसका लागि तयारी गर्नुभएको छ र उहाँ ट्रम्पको रिसलाई रोक्न खोज्दैहुनुहुन्छ”, ट्रम्पको पहिलो कार्यकालमा दक्षिण एसियाका राष्ट्रिय सुरक्षा परिषद् निर्देशक लिसा कर्टिसले भन्नुभयो । यसैबीच भारतीय प्रधानमन्त्रीको हिन्दू-राष्ट्रवादी सरकारले ट्रम्पलाई कागजातविहीन आप्रवासीहरूलाई निर्वासन गर्ने जस्तो अर्को शीर्ष प्राथमिकतामा बाध्य पारेको छ ।

सार्वजनिक ध्यान ल्याटिन अमेरिकी आगमनमा केन्द्रित भएको बेला मेक्सिको र एल साल्भाडोरपछि भारत संयुक्त राज्य अमेरिकामा कागजात नभएका आप्रवासीहरूको तेस्रो स्रोत हो ।

अमेरिकी विमानमा आप्रवासीहरूलाई पूरै यात्राभर साङ्लाले बाँधेर फिर्ता ल्याइएपछि भारतीय कार्यकर्ताहरूले गत हप्ता ट्रम्पको पुतला जलाएका थिए भने विपक्षले मोदीलाई कमजोरीको आरोप लगाएको थियो ।

ट्रम्पको पुनरागमनपछि इजरायल र जापानका प्रधानमन्त्री र जोर्डनका राजापछि अमेरिका भ्रमण गर्ने मोदी चौथो विश्व नेता हुनुहुन्छ ।

मोदीले आफ्नो पहिलो कार्यकालमा दृढतापूर्वक ट्रम्पलाई खुशी पार्नुभएको थियो । सन् २०२० फेब्रुअरीमा मोदीले ट्रम्पलाई आफ्नो गृह राज्य गुजरातमा विश्वको सबैभन्दा ठूलो क्रिकेट स्टेडियमको उद्घाटन गर्न एक लाखभन्दा बढी मानिसको हर्षोल्लासपूर्ण भीड समक्ष आमन्त्रण गर्नुभएको थियो ।

ट्रम्पले यस वर्षको पछिल्लो समयमा अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाको चार पक्षीय समूह क्वाडको निर्धारित शिखर सम्मेलनका लागि भारत भ्रमण गर्ने सम्भावना छ ।

# फोर नेसन्स कपका लागि टिम घोषणा



**टुडे समाचारदाता**

काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा) ले फोर नेसन्स कपका लागि बिहीबार २३ सदस्यीय टिमको घोषणा गरेको छ । आगामी सातादेखि सुरू हुने चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगितामा खेल्ने नेपालको अन्तिम टोली घोषणा भएको छ ।

प्रशिक्षक राजेन्द्र तामाङले बिहीबार २३ सदस्यीय टोली सार्वजनिक गरेका हुन् । एन्जिला तुम्बापो सुब्बाको कप्तानीमा रहेको टोलीमा दुई नयाँ खेलाडी छन् ।

टोलीमा कप्तान एन्जिलासँगै अन्जना राना मगर र उषा नाथ गोलरक्षकका रूपमा छन् । त्यस्तै डिफेन्डरहरूमा अमृता जैसी, गिता राना, बिमला बिक, पुजा राना, निशा थोकर, समिक्षा घिमिरे, बिमला चौधरी र मनमाया दमाइ छन् ।

मिडिफिल्डरमा अनिता बस्नेत, रेनुका नगरकोटी, प्रीति राई, सरु लिम्बु, सबिता रानामगर, रेनुका हमाल र सुष्मा तामाङ छन् । फरवार्डमा साबित्रा भण्डारी, रेखा पौडेल, रश्मी कुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी छन् ।

डिफेन्डर मनमाया दमाइ र मिडफिल्डर सुष्मा तामाङ पहिलो पटक राष्ट्रिय टोलीमा परेका हुन् । साफ च्याम्पियनसिपका दौरान घाइते भएका हिराकुमारी भुजेल र दिपा शाहीको स्थानमा उनीहरू आएको प्रशिक्षक राजेन्द्र तामाङले जनाए । वाफमा खेलेकी रेनुका हमाल र चन्द्रा टोलीमा फर्किएका छन् ।


साफ खेलेको टिममा रहेकी डिफेण्डर सजनी थोकर पनि बाहिर छिन् । डिफेन्समा मनमाया सहित बिमला चौधरीलाई राखिएको छ । आर्मीको प्रशिक्षणमा रहेकी अमिषा कार्कीको स्थानमा चन्द्रा आएकी हुन् ।

क्लब फुटबलका लागि बाहिर रहेका खेलाडीमध्ये एन्जिला नेपाल आइसकेकी छन् । रेखा र साम्बा आउन बाँकी छ ।

आगामी फागुन ५ देखि एन्फाको आयोजनामा दशरथ रंगशालामा नेपाल, म्यानमार, लेबनान र कीर्गिस्तान सम्मिलित महिला फुटबल प्रतियोगिता हुँदै छ । नेपालमा पहिलोपटक चारदेशीय महिला फुटबल प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगितामा सहभागी हुन कीर्गिस्तान आज आउँदै छ भने बाँकी दुई टोली फागुन २ गते नेपाल आइपुग्ने छन् । टोलीहरूलाई एन्फा कम्प्लेक्स र नेपाली सेनाको भद्रकालीस्थित खेल मैदानमा प्रशिक्षणको व्यवस्था गरिएको छ ।

# उत्तर कोरियाले पारिवारिक पुनर्मिलन केन्द्र भत्काउँदै छ : सियोल




एएफपी

सियोल । उत्तर कोरियाले कोरियाली युद्ध र देशको विभाजनबाट छुट्टिएका परिवारहरूको भावुक पुनर्मिलनको आयोजना गर्ने ठाउँलाई भत्काउन थालेको सियोलले बिहीबार बताएको छ ।

उत्तर कोरियाको कुमगाङ पर्वतमा सन् २०१८ मा अन्तिम पटक भएको पुनर्मिलन कोरियाली प्रायद्वीपको विभाजनको विनाशकारी मानवीय मूल्यको प्रमाण थियो ।

तर यी भेटघाटहरू अन्तर-कोरियाली राजनीतिको अधीनमा थिए र प्योङ्याङद्वारा प्रायः वार्ताको साधनका रूपमा प्रयोग गरिन्थे ।

“माउन्ट कुमगाङ पुनर्मिलन केन्द्रको विध्वंस छुट्टिएका परिवारहरूको हार्दिक इच्छालाई कुल्चने अमानवीय कार्य हो”, सियोलको एकीकरण मन्त्रालयका प्रवक्ताले भने, “दक्षिण कोरियाले यस्ता कार्यहरू तत्काल रोक्न कडा आग्रह गर्दछ र कडा खेद व्यक्त गर्दछ, उत्तर कोरियाको एकपक्षीय विध्वंस कुनै पनि बहाना अन्तर्गत उचित हुन सक्दैन र उत्तर कोरियाली अधिकारीहरूले यस अवस्थाको लागि पूर्ण जिम्मेवारी लिनुपर्छ ।”

सन् १९८८ देखि करिब एक लाख ३० हजार दक्षिण कोरियालीले आफूलाई ‘छुट्टिएका परिवार’ का रूपमा दर्ता गराएका छन् । सन् २०२५ सम्म आधिकारिक तथ्याङ्क अनुसार ती व्यक्तिहरू मध्ये करिब ३६ हजार जना अझै जीवित छन् ।

पचहत्तर प्रतिशतले आफ्ना आफन्तहरू जीवित छन् वा मृत छन् भन्ने थाहा नभएको बताएका छन् । केही भाग्यमानीलाई माउन्ट कुमगाङ रिसोर्टमा आयोजना गरिने सीमापार पुनर्मिलनमा भाग लिन छनोट गरिएको थियो ।

उत्तर र दक्षिण कोरियाले पहिलो यस्तो पुनर्मिलन सन् १९८५ मा गरेका थिए, तर त्यस वर्षको पहिलो अन्तर-कोरियाली शिखर सम्मेलनपछि सन् २००० मा मात्र तिनीहरू नियमित कार्यक्रम बने ।

# युक्रेन युद्ध रोक्ने विषयमा ट्रम्प-पुटिन संवाद

बीबीसी

वासिंगटन ।अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले बुधवार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग “लामो र निकै फलदायी“ टेलिफोन वार्ता भएको बताएका छन् ।

त्यसमा दुवै नेताहरू युक्रेनमा युद्ध अन्त्यका लागि वार्ता सुरु गर्न सहमत भएको उनको भनाइ छ ।



ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ’ट्रूथ सोशल’मा एउटा पोस्ट गर्दै आफू र रुसी राष्ट्रपति “आआफ्ना सम्बन्धित टोलीबीच तत्कालै वार्ता सुरु गर्न सहमत भएको“ जनाएका छन् ।उनले आफूहरूले एकअर्कालाई आफ्ना देशको राजधानी भ्रमण गर्न निम्तो पनि दिएको जनाएका छन् ।

दुई नेताहरूको टेलिफोन वार्ता र ट्रम्पको भनाइ आएपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आफूले ट्रम्पसँग “दीर्घकालीन र भरपर्दो शान्ति“बारे कुराकानी गरेको बताएका छन् ।

ट्रम्प र उनका रक्षामन्त्रीले ’नेटो’मा युक्रेन सहभागी हुने सम्भावना कम भएको बताउँदै आएका बेला युद्धरत दुवै पक्षसँग ट्रम्पको कुराकानी भएको हो ।नेटोमा युक्रेनको सहभागिताको सन्दर्भमा ट्रम्पको नीतिका कारण किएभ निराश बनाउन सक्छ ।

जेलेन्स्कीले शुक्रवार जर्मनीको म्युनिखमा हुने युक्रेनबारेको रक्षा सम्मेलनमा अमेरिकी उपराष्ट्रपति डेजी भान्स र विदेशमन्त्री मार्को रुबिओसँग भेटघाट हुने बताए ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जालमा लेखेका छन्, “यो बेकारको युद्ध रोक्ने समय हो, त्यहाँ ठूलो र पूर्णतः अनावश्यक मृत्यु र विनाश भएको छ। ईश्वरले रुस र युक्रेनका जनतालाई आशीर्वाद दिऊन् ।“

उनले पुटिनसँग प्रत्यक्ष रूपमा हुने भेटघाटको मिति खुलाएनन्। पछि ह्वाइट हाउसमा पत्रकारहरूसँगको कुराकानीमा उनले भने, “हामी साउदी अरबमा भेट्ने छौं ।“क्रेम्लिनका प्रवक्ता दिमित्री पेस्कोभले पुटिनले सँगै काम गर्ने समय आएको ट्रम्पको विचारलाई समर्थन गरेको बताएका छन् ।

पेस्कोभका अनुसार ट्रम्पको अनुसार पुटिनसँग उनको डेढ घण्टा टेलिफोनवार्ता भयो। त्यस क्रममा रुसी राष्ट्रपतिले ट्रम्पलाई मस्को भ्रमणको निमन्त्रणा दिएको पेस्कोभको भनाइ छ ।

ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूसँग युक्रेन सन् २०१४ अघिजस्तै आफ्नो सीमामा फर्कने सम्भावना नभएको बताए । तर बीबीसीले सोधेको प्रश्नमा उनले भने, “उसले केही भूमि फिर्ता आउने छ। “ट्रम्पले आफू आफ्ना रक्षामन्त्री पिट हेग्सेथसँग सहमत रहेको बताए ।

उनले बुधवार नेटो शिखर सम्मेलनमा उक्त सैन्य गठबन्धनमा युक्रेन सामेल हुने कुनै सम्भावना नरहेको बताएका थिए ।ट्रम्पले भने, “मलाई लाग्छ त्यो सत्य हो।“

# थ्रीस्टार आहारारा पोखरा गोल्डकपबाट बाहिरियो

**टुडे समाचारदाता**

पोखरा । पाँचपटकको च्याम्पियन टोली थ्रीस्टार क्लब २४औं आहारारा पोखरा गोल्डकपको सेमिफाइनलबाटै बाहिरिएको छ ।



बिहीबार भएको सेमिफाइनलमा उज्बेकिस्तानको ब्ल्याक बुल्स एफसीले थ्रीस्टारलाई फराकिलो अन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको छ ।

आहारारा पोखरा गोल्डकपको उपाधिका विभागीय क्लब नेपाल पुलिस क्लब र उज्बेकिस्तानको ब्ल्याक बुल्स एफसीबीच प्रतिस्पर्धा हुने भएको छ ।

बिहीबार भएको दोस्रो सेमिफाइनलमा पाँच पटकको विजेता थ्रीस्टारलाई ४-० को फराकिलो अन्तरले हराउँदै ब्ल्याक बुल्स पहिलो सहभागितामै फाइनल पुगेको हो ।

यसअघि भएको पहिलो सेमिफाइनलमा मनाङसँगै सर्वाधिक ६ पटकको च्याम्पियन पुलिसले ए डिभिजन लिग विजेता चर्च ब्वाईजलाई १-० ले हराएर फाइनल पुगिसकेको छ ।

पुलिसले पहिलो खेलमा सहारा क्लब र क्वाटरफाइनलमा ब्रिगेड ब्वाइज क्लब युकेलाई पराजित गरेको थियो । सिधै क्वाटरफाइनल खेलेको ब्ल्याक बुल्सले भारतको थण्डरबोल्ट नर्थ युनाइटेडलाई हराएको थियो ।

पुलिस ११औं पटक फाइनलमा पुगेको हो । ब्ल्याक बुल्स नेपालमा आएर खेलेको पटकपटकमै मोफसलको चर्चित फुटबलको फाइनल पुगेको हो । फाइनल खेल आउने शनिबार दिउँसो २:३० बजे हुनेछ ।

माघ २२ गतेदेखि सुरु भएको प्रतियोगितामा तीन विदेशीसहित १२ टोलीको सहभागिता थियो । प्रतियोगिताको विजेताले १२ लाख १ हजार प्राप्त गर्नेछ ।

# युक्रेन शान्ति शिखर सम्मेलनपछि अमेरिका र रुसले थप कुरा गरेकोमा चीन ‘खुसी’

एएफपी

बेइजिंग ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन शान्ति वार्ताका लागि आफ्ना रुसी समकक्षीलाई भेट्ने अपेक्षा गरेको बताएपछि चीनले बिहीबार अमेरिका र रुसले ‘सञ्चारलाई बलियो बनाएको’ देखेर ‘खुसी’ भएको बताएको छ ।

ट्रम्पले बुधबार भ्लादिमिर पुटिनसँग ‘लामो र अत्यधिक उत्पादनशील’ कुराकानी गरेको र युद्ध अन्त्य गर्न वार्ता ‘तुरुन्तै’ सुरु गर्न सहमत भएको बताउनुभएको थियो । अमेरिकी राष्ट्रपतिको ह्वाइट हाउसमा पुनरागमनपछिको यो उहाँहरूको पहिलो पुष्टि भएको सम्पर्क थियो ।

“रूस र संयुक्त राज्य अमेरिका दुवै प्रमुख प्रभावशाली देशहरू हुन् । चीन रूस र अमेरिकाले विभिन्न अन्तर्राष्ट्रिय मुद्दामा सञ्चार र संवाद बलियो बनाएको देखेर खुशी छ”, विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित प्रेस ब्रिफिङमा भन्नुभयो ।

बिहीबार बेइजिङ र वासिङ्टनका नाम नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै वाल स्ट्रिट जर्नलले चिनियाँ अधिकारीहरूले हालै मध्यस्थहरू मार्फत ट्रम्प र पुटिनबीच शिखर सम्मेलनको प्रस्ताव गर्न अमेरिकी प्रशासनसँग सम्पर्क गरेको बताएको थियो ।

उक्त प्रस्तावले कथित रूपमा ‘सम्भावित युद्धविरामपछि शान्ति स्थापना प्रयासहरूलाई सहज बनाउने’ तर विशेष गरी युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई समावेश नगर्ने अमेरिकी दैनिकले जनाएको छ ।

ह्वाइट हाउसका एक अधिकारीले बेइजिङको प्रस्तावलाई ‘पूर्णतया अव्यावहारिक’ भन्दै खारेज गरेको जर्नलले जनाएको छ ।

प्रेस ब्रिफिङमा यस रिपोर्टको बारेमा सोधिएको प्रश्नमा, गुओले आफूसँग कुनै जानकारी नभएको बताउनुभयो । अस्थिर सम्बन्धको इतिहास भएका लामो समयदेखिका समाजवादी मित्रराष्ट्रहरू चीन र रूस हालका वर्षहरूमा कूटनीतिक, सैन्य र आर्थिक क्षेत्रहरूमा नजिक आएका छन् ।

सन् २०२२ मा मस्कोले युक्रेनमाथि पूर्ण-स्तरको आक्रमण सुरु गरेदेखि बेइजिङले द्वन्द्वमा आफूलाई तटस्थ पक्षको रूपमा चित्रण गर्न खोजेको छ ।

# काश्मीर सीमामा भारत र पाकिस्तानबीच गोली हानाहान

एएफपी

नयाँदिल्ली । भारतीय र पाकिस्तानी सैनिकहरूले दुई चिरपरिचित प्रतिद्वन्द्वीलाई विभाजन गर्ने अत्यधिक सैन्यीकृत काश्मीर सीमामा गोलीबारी गरेका छन् । पाकिस्तानी पक्षले बिहीबार कम्तीमा चार जनाको ज्यान गएको बताएको छ ।

सन् १९४७ मा बेलायती औपनिवेशिक शासनको अन्त्यमा एसियाली उपमहाद्वीपबाट विभाजन भएयता काश्मीर दुई छिमेकी देशबीच विभाजित छ ।

दुवै राष्ट्रले यसमाथि पूर्ण दाबी गर्छन् र यस हिमालय क्षेत्रको नियन्त्रणका लागि दुई युद्ध र थुप्रै साना लडाइँ लडेका छन् । पाकिस्तानी सरकारी प्रसारक पिटिभीले अज्ञात सुरक्षा स्रोतहरूलाई उद्धृत गर्दै बुधबारको घटनामा त्यस देशका दुई सैनिक र दुई सर्वसाधारण घाइते भएको जनाएको छ ।

अज्ञात भारतीय सुरक्षा अधिकारीहरूले प्रसारणकर्ता एनडिटिभीलाई पाकिस्तानी सेनाले बिना कुनै उक्साहट गोली चलाएपछि भारतीय सेनाले जवाफमा गोली चलाएको बताएका छन् ।

एएफपीले सोध्दा पाकिस्तानी सेनाले टिप्पणी गर्न अस्वीकार गऱ्यो । भारतीय सेनाका अधिकारीहरूले टिप्पणीको अनुरोधमा जवाफ दिएनन् ।यो घटना त्यस क्षेत्रमा दुई दिनअघि एक विस्फोटक उपकरणबाट दुई भारतीय सैनिक मारिएको घटनापछि भएको हो ।




सन् २००३ मा दुवै छिमेकीले हस्ताक्षर गरेको सीमा युद्धविराम सम्झौता त्यसयताका दशकहरूमा मोटामोटी कायम रहेको छ तर दुवैले एक अर्कालाई यसको उल्लङ्घन गरेको बारम्बार आरोप लगाउँछन् ।

गत महिना भारतीय सेनाले भारत प्रशासित क्षेत्रमा प्रवेश गर्ने प्रयास गर्दा काश्मीर सीमामा आफ्ना सैनिकहरूले दुई विद्रोही लडाकूलाई मारेको बताएको थियो ।धेरै विद्रोही समूहले मुस्लिम बहुल क्षेत्रको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै त्यस क्षेत्रमा तैनाथ भारतीय सेनासँग लडेका छन् ।द्वन्द्वमा दशौं हजार मानिसको मृत्यु भएको छ। तीमध्ये अधिकांश सर्वसाधारण छन् ।

सन् २०१९ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले आंशिक स्वायत्तता रद्द गरेर नयाँदिल्लीबाट क्षेत्रको प्रत्यक्ष नियन्त्रण लागू गरेपछि लडाइँ घटेको छ ।तर गत वर्ष तीन वर्षमा ५० भन्दा बढी सैनिकको ज्यान लिने घातक विद्रोही आक्रमणहरूको श्रृङ्खलापछि दक्षिणी पहाडी क्षेत्रहरूमा हजारौं थप सैनिक तैनाथ गरिएका थियो ।

भारतले नियमित रूपमा पाकिस्तानलाई भारतीय सेनामाथि आक्रमण गर्न विद्रोहीहरूलाई साझा सीमा पार गराएर पठाएको आरोप लगाउँछ ।

# युनिटको ८.१ भारुमा बिजुली आयात-निर्यात सहमति



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल-भारत विद्युत् आदानप्रदान समिति (पावर एक्सचेञ्ज कमिटी- पीईसी) को १६ औं बैठकले आयातनिर्यात हुने बिजुलीको प्रतियुनिट दर ८.१ भारु (१२ रुपैयाँ ९६ पैसा) तय गरेको छ।

भारतको राजधानी नयाँदिल्लीमा बुधबार भएको पीईसी बैठकले प्रसारण लाइनको संरचनाअनुसार आयात-निर्यात हुने बिजुलीको प्रतियुनिट दर तय गरेको हो।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका विद्युत् प्रणाली सदस्य अशोककुमार राजपूतको सह अध्यक्षतामा बैठक बसेको हो। सन् २०२५ मा १३२ केभी प्रसारण लाइनमार्फत हुने बिजुली आदानप्रदानको मूल्य प्रतियुनिट ८.१ भारु (१२ रुपैयाँ ९६ पैसा) तोकेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। सन् २०२४ का १३२ केभी प्रसारण लाइनमार्फत हुने बिजुली आदानप्रदानको मूल्य प्रतियुनिट ७.९८ भारु (१२ रुपैयाँ ७७ पैसा) थियो।

बैठकले ३३ केभी प्रसारण लाइनमार्फत हुने बिजुली आदानप्रदानको मूल्य पनि प्रतियुनिट दर ८.७८ भारु (१४ रुपैयाँ ०४ पैसा) तोकेको छ । सन् २०२४ मा ३३ केभी प्रसारण लाइनमार्फत हुने बिजुली आदानप्रदानको मूल्य प्रतियुनिट दर ८.६५ भारु (१३ रुपैयाँ ८४ पैसा) थियो। नेपालले

११ केभी प्रसारण लाइनमार्फत आयात निर्यात हुने विद्युत्को प्रति युनिट दर ९.४१ भारु (१५.०५ रुपैयाँ) तोकेको छ । नेपालले चाहेका बेला बिजुली लिने गरी नयाँ दर तोकिएको र यो भारततर्फ निर्यात गर्दा पनि लागू हुने प्राधिकरणका प्रवक्ता चन्दन कुमार घोषले बताए।

'हामीलाई आवश्यक पर्दा मात्रै यो संरचनामार्फत बिजुली खरिद गर्ने हो, महँगो सस्तोभन्दा पनि बाटो खुला राखेका छौँ,' उनले भने, '१३२ केभीबाट ल्याउने हो । अत्यावश्यक परेको बेलामा मात्र ३३ र ११ केभी प्रसारण लाइन बिजुली किन्ने हो ।' यो मूल्य आगामी डिसेम्बरसम्म लागू हुनेछ। सन् २०२६ का लागि पीईसी बैठक बसेर फेरि बिजुलीको प्रतियुनिट दर तोक्नुपर्नेछ।

# अबौँ रुपैयाँको लहसुन आयात, भारतमा तस्करी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा सुन लगायत लागुऔषधको तस्करी चर्चामा रहेको बेला केहि व्यवसायीहरुले अबौं रुपैयाको लहसुन अयातगरि भारतमा तस्करी गरेका छन् ।नेपालमा वार्षिक खपत हुने लहसुनको भन्दा कयौं गुणा बढी लहसुन अयात भएको अधिकारीहरु बताउँछन् ।अर्बौ रुपैयाको लहसुन अयात भएपनि नेपालमा मुल्य खसेको छैन् ।

खास गरी पछिल्ला महिनाहरूमा देखिएको लहसुनको "अस्वाभाविक आयात"ले आफूहरूलाई आश्चर्यमा पारेको सरकारी अधिकारीहरूले बताएका छन् ।भन्सार विभागका एक निर्देशकका अनुसार अर्बौं रुपैयाँ बराबरको लहसुन आयात भएको देखिएपछि त्यसको कारणबारे हाल अध्ययनसमेत भइरहेको छ।

चालु आर्थिक वर्षको सुरुको ६ महिनाको तथ्याङ्क हेर्दा ६ अर्ब १८ करोड रुपैयाँभन्दा बढीको लहसुन नेपाल भित्रिएकोमा लगभग सबै चीनबाट आयात भएको छ।

यो भनेको पछिल्लो ६ महिनाको अवधिमा नेपालले प्रतिमहिना औसतमा १अर्ब रुपैयाँभन्दा बढीको लहसुनआयात गरेको देखिन्छ ।भन्सार विभागको वार्षिक तथ्याङ्क हेर्दा नेपालमा लहसुन आयातको परिणाम बढ्दो क्रममा रहेको देखिन्छ।

आर्थिक वर्ष २०७६/०७७ मा ३१ करोड ५३ लाख रुपैयाँको लहसुन आयात गरेको नेपालले आर्थिक वर्ष २०७७/०७८ मा १अर्ब ५ करोड ९५ लाख रुपैयाँको लहसुन भित्र्याएको तथ्याङ्क छ।

विभागका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा १ अर्ब ५ करोड ३३ लाख रुपैयाँ र २०७९/०८० मा एक अर्ब ११ करोड २५ लाख रुपैयाँ बराबरको लसुन आयात भएको देखिन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा २ अर्ब २२ करोड ५२ लाख रुपैयाँ बराबरको लहसुन आयात भएकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा चाहिँ उच्च परिमाणमा लहसुन भित्र्याइएको विभागका निर्देशक तथा सूचना अधिकारी मुक्तिप्रसाद श्रेष्ठले बताए।

चालु आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि पुस मसान्तसम्ममा ६अर्ब १८ करोड ५४ लाख रुपैयाँ बराबरको लहसुन नेपालले आयात गरेको विभागको तथ्याङ्क छ।

गत आर्थिक वर्षको साउनदेखि पुससम्म पहिलो ६ महिनाको अवधिमा ८७ करोड ८९ लाख रुपैयाँ बराबरको लहसुन आयात भएको थियो ।त्यससँग



तुलना गर्दा चालु आर्थिक वर्षको सुरुका छ महिनामा सात गुणाभन्दा बढी मूल्य बराबरको लहसुन नेपालले आयात गरेको देखिन्छ ।सो अवधिमा भने जम्मा ९ लाख २० हजार रुपैयाँ बराबरको लहसुन निर्यात भएको तथ्याङ्कले देखाउँछ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालमा आर्थिक वर्ष २०७९/०८० मा नौ हजार ५७० हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएकोमा ७३ हजार ५ सय ६७ टन उत्पादन भएको तथ्याङ्क छ।

आर्थिक वर्ष २०७८/०७९ मा नेपालले ९ हजार ९ सय ४३ हेक्टर क्षेत्रफलमा खेती गरेकामा ७४ हजार ७ सय ६३ टन लसुन उत्पादन भएको देखिन्छ।

आर्थिक वर्ष २०७७/०७८ मा ९ हजार ७ सय ८४ हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएकामा ७२ हजार ४ सय ९० टन उत्पादन भएको मन्त्रालयको तथ्याङ्कले देखाउँछ ।नेपालमा उत्पादन हुने लहसुन चाहिँ देशभित्रै खपत हुने गरेको सरकारी अधिकारी तथा कृषकहरू बताउँछन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भन्सार विभागस्थित अधिकारीहरूले नेपालले हालैका महिनाहरूमा आयात गरेको लहसुनको मात्रा "स्वाभाविक" नभएको प्रतिक्रिया दिएका छन्।

"पछिल्ला महिनाहरूमा लहसुन आयातको मात्रा अस्वाभाविक नै देखिएको छ। त्यसको कारणबारे हामीले अध्ययन गरिरहेका छौँ," सूचना अधिकारी श्रेष्ठले भने।

यद्यपि कृषि तथा पशुपन्छी विकास मन्त्रालयस्थित अधिकारीहरूका अनुसार चीनबाट लहसुन आयात गरेर अवैध माध्यमबाट भारत निर्यात गरिएको देखिन्छ।

"६ महिनामा ६ अर्ब रुपैयाँभन्दा बढीको लहसुन खपत गर्ने हाम्रो अवस्था देखिँदैन। लहसुनको अवैध व्यापार भइरहेको जस्तो देखिन्छ," मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ एवं सूचना अधिकारी महानन्द जोशीले भने।"त्यत्रो परिमाणमा आयात गरिएको लहसुन कहाँ गयो भनेर हामीले हेरिरहेका छौँ," उनले थपे।

भारतीय अधिकारीहरूले पछिल्ला द्विपक्षीय छलफलका क्रममा नेपालबाट चिनियाँ लहसुन अवैध रूपमा भारत भित्रिन थालेको प्रवृत्तिबारे चासो राखेका बताइएको छ।

भारतमा उत्पादन कम भएर माग बढेका बेला नेपालबाट चिनियाँ लहसुनको अवैध निकासी बढेको हुन सक्ने भन्सार विभागका निर्देशक श्रेष्ठको आकलन छ। तर अध्ययन सकेपछि मात्रै लहसुन आयातमा देखिएको व्यापक वृद्धिको आधिकारिक कारणबारे केही भन्न सकिने उनी बताउँछन्।

बिरुवा क्वारन्टीन तथा संरक्षण ऐन, २०६४ र नियमावली, २०६६ मा तोकिएका प्रक्रियाहरू पुऱ्याएर मात्रै नेपालमा निषेध नगरिएका कुनै पनि बिरुवा तथा बिरुवाजन्य उपजहरूको आयात गर्न पाउने व्यवस्था रहेको छ।

तर प्लान्ट क्वारन्टीन तथा विषादी व्यवस्थापन केन्द्रबाट अनुमति नलिईकन ब्याङ्कबाट प्रतीतपत्र (एलसी) जारी गराएकै आधारमा आयातकर्ताहरूले लहसुन आयात गरेको पाइएको कतिपय अधिकारीहरू बताउँछन्।

उक्त पृष्ठभूमिमा प्लान्ट क्वारन्टीन समितिको बैठकले गत मङ्सिर १७ गते नियमित शत्रुजीवहरूको सूची अद्यावधिक गर्ने निर्णय गरेपश्चात् बिरुवा तथा बिरुवाजन्य उपजहरूको आयातमा हाल थप सतर्कता अपनाइएको छ।

"एक-दुई दिनमा हामी एउटा रिमाइन्डर नोटिस पनि जारी गर्दै छौँ। हामीसँग एन्ट्री पर्मिट (अनुमतिपत्र) नलिईकन बिरुवा तथा बिरुवाजन्य उपजहरूको आयात मान्य हुने छैन। सबै सर्तहरू बुझेर, पूरा गरेर मात्रै आयात गर्नुहोला भनेर भन्न लागेका छौँ," केन्द्रस्थित वरिष्ठ बाली संरक्षण अधिकृत तथा सूचना अधिकारी प्रकाश पौडेलले भने ।गत जनवरीमा केन्द्रले लहसुन आयातकै हकमा सर्तहरू पूरा नभएको पाइएपछि एउटा अनुमतिपत्र खारेज गरिदिएको पनि उनले बताए।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका भूतपूर्व सचिव हरि दाहाल पनि लहसुन आयातको तथ्याङ्क हेर्दा आफूलाई अस्वाभाविक लागेको बताउँछन्।

"हामीकहाँ परम्परागत रूपमा पहाडमा मानिसहरूले आफैँले उत्पादन गरेका लहसुन उपभोग गर्दै आएका छन्। सहरबजारमा चाहिँ किनेर खाने गरिएको देखिन्छ," उनले भने।

विगतमा भारतीय अधिकारीहरूले नेपालमा खासै सुपारी उत्पादन नहुने भए पनि यहाँबाट भारत निर्यात हुने गरिएकोप्रति चासो राखेको उनी स्मरण गर्छन्।

"लहसुनको हकमा पनि त्यही भएको हो कि," पूर्वकृषिसचिव दाहालले अगाडि थपे। यद्यपि सूक्ष्म अध्ययन गरेर मात्रै लहसुनको उच्च आयातको कारणबारे यकिन भन्न सकिने उनको तर्क छ।

नेपालमा खपत भन्दा बढी अयात हुने लहसुन सोझै भारत तर्फ तस्करी भइरहेकोले नेपालमा लहसुनको मुल्यमा समेत कमि आएको छैन् ।नेपालमा लहसुनको मुल्य मंसिर महिना तिर खसेको देखिएपनि तस्करी बढेसँगै मुल्यपनि बढेको बताइन्छ ।

# रोजगारी गुमाएका तीन हजार नेपाली विद्यार्थीलाई खाद्यान्न सहयोग

टेक्सस (अमेरिका)ः अमेरिकाको टेक्सस राज्यस्थित विभिन्न विश्वविद्यालयमा अध्ययनरत कामविहीन नेपाली विद्यार्थीलाई खाद्यान्न सहयोग गरिने भएको छ।

टेक्ससको ड्यालस फोर्टवर्थ क्षेत्रमा रहेका नेपाली सामाजिक अभियानकर्मीले विद्यार्थीका लागि समुदाय कार्यक्रम नामक अभियान सुरु गरेर करिब तीन हजार नेपाली विद्यार्थीका लागि खाद्यान्न सहयोग सङ्कलन गरिरहेका छन।

कामविहीन नेपाली विद्यार्थीलाई कम्तीमा एक महिनाका लागि आवश्यक पर्ने खाद्यान्नमा विद्यार्थीलाई चामल, दाल, तेल, नुन, चना लगायतका खाद्यान्न सामग्री उपलब्ध गराउन लागिएको नेपाली समाज टेक्ससका महासचिव विजय



भुसालले जानकारी दिनुभयो।

महासचिव भुसालका अनुसार हालसम्म ७०० बढी नेपाली विद्यार्थीले खाद्यान्न बुझेर लगिसकेका छन् । सवारी साधन भएका विद्यार्थीले नेपाली साँस्कृतिक तथा अध्यात्मिक केन्द्र युलेशबाट खाद्य सामग्री प्राप्त गर्नसक्ने र सवारी साधन नभएका विद्यार्थीलाई उनीहरुको ठेगानामा पुर्याउने व्यवस्था मिलाइएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले गैरकानुनी आप्रवासीलाई निष्काशन गर्ने योजनालाई कडाइका साथ कार्यान्वयनमा ल्याएपछि त्यसको प्रत्यक्ष असर नेपाली विद्यार्थीमा पनि परेको छ । गैरकानुनी आप्रवासीको खोजी गर्ने क्रममा प्रहरीले दैनिक हजारौं व्यावसायिक फर्ममा छापा मारिरहेको छ।

सोही क्रममा कानुनी रूपमै बसोबास गरिरहेका र कामदार अनुमति पत्र ९वर्क पर्मिट० भएका बाहेकले व्यावसायिक फर्ममा काम गरिरहेको भेटिएमा प्रहरीले चेतावनी दिने, पक्राउ गर्ने र केहीलाई निष्काशन गर्दै आइरहेको छ। यसैको प्रभावमा नेपाली विद्यार्थी परेका हुन्।

उनीहरूलाई काम गरिरहेको भेटेमा प्रहरीले पक्राउ गर्न सक्छ। गैरआवासीय नेपाली सङ्घ अमेरिकाको तथ्याङ्कअनुसार हाल अमेरिकाका विभिन्न विश्वविद्यालयमा करिब ५० हजार नेपाली विद्यार्थी अध्ययनरत छन् ।रासस

# शेयर बजारमा फाइनान्स तर्फ आकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु। साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजारको परिसूचक नेप्से ७.२६ अंक घटेको छ। सो अंकको गिरावटपछि नेप्से २६७८ मा कायम भएको छ। अघिल्लो दिन बजार जम्मा १.८६ अंक बढेको थियो।

बजार घट्दा आज कारोबार रकम पनि घटेको छ। अघिल्लो दिन ८ अर्ब ७१ करोडको कारोबार भएकोमा बिहिवार ७ अर्ब ९२ करोडको भयो।

७६ कम्पनीको मूल्य बढ्दा १६२ को घट्यो भने ६ को स्थिर रह्यो। फाइनान्स सेक्टर सबैभन्दा धेरै १.८८ प्रतिशत बढ्यो। त्यस्तै लगानी ०.५२ र माइक्रोफाइनान्स ०.१७ प्रतिशत बढे। अरु सबै सेक्टर घटेका छन्।

बैंकिङ ०.२३, विकास बैंक ०.९५, होटल तथा पर्यटन ०.५८, हाइड्रोपावर ०.९०, जीवन बीमा ०.१४, उत्पादन ०.४७, निर्जीवन बीमा ०.८७, अन्य ०.१० र व्यापार समूह ०.०१ प्रतिशत घटे।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स, मातृभूमि लघुवित्त र पोखरा फाइनान्सको मूल्य १० प्रतिशत बढ्यो। बाराही हाइड्रोपावरको मूल्य ६.७७ प्रतिशत बढ्यो। हालै सूचीकृत गार्डियन माइक्रोलाइफको मूल्य प्रतिकित्ता ४८६ रुपैयाँ ६० पैसा पुगेको छ।

न्यादी हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १० प्रतिशत घट्यो। सामुदायिक लघुवित्तको ४.९, रिभर फल्स पावरको ४.१० तथा एनएलजी इन्स्योरेन्सको ३.५ प्रतिशत मूल्य घट्यो।

कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्ट्रक्चर, सीईडीबी होल्डिङ्स, राधि विद्युत्, सिन्धु विकास बैंक र सेन्ट्रल फाइनान्स क्रमशः अगाडि रहे।

# महायज्ञबाट चार करोड ८४ लाख सङ्कलन

कैलाली । मानवसेवा आश्रमले धनगढीमा सञ्चालन गरेको महायज्ञमा रु चार करोड ८४ लाख रकम सङ्कलन गरेको छ । धनगढीमा मानवसेवा आश्रमको भवन निर्माण गर्ने उद्देश्यले सञ्चालित महायज्ञमा उक्त रकम दाताबाट सङ्कलन भएको हो।

एक सातासम्म सञ्चालित महायज्ञमा सहभागी दानदाताहरूले गक्षअनुसारको दान गरेर सडक आश्रित व्यक्तिहरूका लागि भवन निर्माणमा सहयोग पुऱ्याएका मानव सेवा आश्रमका सल्लाहकार सिद्धराज पनेरुले बताउनुभयो।

महायज्ञ गत माघ २३ गतेदेखि ३० गतेसम्म सञ्चालन भएको थियो। महायज्ञमा भाष्कर कमलनयन गौतमले सङ्गीतमय श्रीमद् भागवत् कथा वाचन गर्नुभएको थियो।

विसं २०७५ मङ्सिर १ गते धनगढी उपमहानगरपालिका-५ तारानगरमा घर भाडामा लिई सेवा शुभारम्भ गरेको आश्रमले आफ्नै भवन निर्माणको पहल थालेको सल्लाहकार पनेरुले बताउनुभयो।

शाखाले हालसम्म सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका तीन सय ८८ जनाभन्दा बढी बेसहारा, असहाय, अभिभावकविहीन, जीवन जोखिममा रहेका सहयोगापेक्षी सडक मानवहरूको उद्धार गरी सेवा प्रदान गर्दै आएको छ। वाचकहरूले कथा वाचन गर्नुभएको थियो। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

रैति नम्बर ३१२ को युनुस मोमिनको नाउँमा दर्ता रहेको साबिक मौजे झोझिकटैयाको साबिक कि.नं. २३९३ क्षे.फ. ०-४-०, ऐ.ऐ. सा.कि.नं. ३२३० क्षे.फ. ०-२-० र ऐ.ऐ. सा.कि.नं. ३९७७ क्षे.फ. ०-०-३ र सा.कि.नं. ४०७२ क्षे.फ. ०-०-२ जग्गा हाल अलि मोमिन मर्दा हकखाने छोरा युनुस मोमिनको नाउँमा सर्वे नापी भई दर्ता गर्न सम्म छुट भएको तपसिल बमोजिम कायम भएका जग्गाहरुको जग्गाधनी युनुस मोमिन भन्ने मोहम्मद युनुस अन्सारीको मिति २०७१/०१/१० मा मृत्यु भईसकेको र निजको एकमात्र पत्नी रुवेदा खातुनको मिति २०७६/०३/०५ गतेमा मृत्यु भइसकेको हुनाले निज मृतकहरुको हकखाने हकदार जेठो छोरा मुसलेमुद्दीन अंसारी-१, माईला छोरा जैनुदिन अंसारी-१, साईला छोरा रजाउल्ला अंसारी-१, काईला छोरा रेजा अहमद अंसारी र कान्छा छोरा रहमत अंसारी-१ समेत ५ जना अंशियारहरु हकदार भएकोमा जेठो छोरा मुसलेमुद्दीन अंसारी, माईला छोरा जैनुदिन अंसारी, साईला छोरा रजाउल्ला अंसारी, काईला छोरा रेजा अहमद अंसारी समेत ४ जनाको मन्जुरीनामाले जि. धनुषा गा.वि.स. झोझिकटैया वडा नं. १ हाल धनौजी गा.पा. वडा नं. ३ मा बस्ने मोहम्मद अलि अंसारीको नाती मोहम्मद युनुस अंसारीको कान्छो छोरा रहमत अंसारीले छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि द.नं. २६०८ मिति २०८१/०५/०६ गतेको माग निवेदन दावी बमोजिम हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्न मिति २०८१/१०/२९ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धि सूचना प्रकाशन गरिएको छ। तपसिलका उल्लेखित जग्गा निवेदकको नाउँमा एकलौटी छुट जग्गा दर्ता नामासारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, मस्जिद, शमसान घाट, सुकुमबासी बस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसंग भएको प्रमाण सहित भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला। तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको मागदावीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ। यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|
| झोझिकटैया | २क | १६२ | ०-२-२ | ज.ध.महलमा अलि मोमिन मर्दा हकखाने छोरा युनिस मोमिन पं. कटैया वार्ड नं. १, बाबु - फेकन, बाजे-×, रैति नं. ४१५ का जी. जानकी प्रसाद र कैफियत महलमा यो जग्गा झोझिकटैया वार्ड नं. १ बस्ने अलि मोमिनको नम्बरी हो। साथै विरहमा धान उल्लेख भएको। |
| | ३ख | ११६ | ०-३-१३ | |



## Janakpurdham Sub-Metropolitan City
## Office of the Municipal Executive
### Janakpurdham, Dhanusha
### Madhesh Province, Nepal

## Invitation for Electronic Bids

**Date of First publication: 2081-11-02 (14th February, 2025 )**

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered contractors/Suppliers for below Mentioned works and good. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 05/2081/82/ NCB/WORKS | Additional Work of Ward Office Building, Ward No. 22, Janakpurdham | 24,45,643.07 | 70,000.00 | 2081-12-04, 12:00hrs | 3000.00 |
| 06/2081/82/ NCB/WORKS | Construction of Compound Wall, Senior Citizen Building (Old Age Home) and Park development work at Janakpurdham -24, Sonpada, Suneshwarnath Mahadev Temple. | 88,03,938.28 | 2,50,000.00 | 2081-12-04, 12:00hrs | 3000.00 |
| 07/2081/82/ NCB/GOODS | Procurement of Desktop Computer (AIO), Laptops and Printers as Per Specification | 49,73,709.31 | 1,40,000.00 | 2081-12-04, 12:00hrs | 3000.00 |

**Chief Administrative Officer**

# मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी, विद्यार्थीको भविष्य अन्योल



**टुडे समाचारदाता**

राजविराज । पछिल्लो ६ महिनादेखि तलबभत्ता नपाएको भन्दै प्राध्यापक तथा कर्मचारीहरूले मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी गरेका छन् । तालाबन्दीपछि चारवर्षे कृषि स्नातकमा अध्ययनरत एक सयजना विद्यार्थीको भविष्य अन्योलमा परेको छ ।

राजविराजस्थित विश्वविद्यालयको प्रशासनिक भवनमा उपकुलपति डा. वैधनाथ महतोलाई बाहिर निकालेर बिहीबार बिहान तालाबन्दी गरेका हुन् । उपकुलपति, रजिस्ट्रार, प्रशासन शाखा, प्रशासनिक भवनको मूलगेट तथा शैक्षिक भवनमा तालाबन्दी गरिएको छ ।

सो विश्वविद्यालयमा कार्यरत उपप्राध्यापक तथा कर्मचारीहरूले क्षतिपूर्तिसहित नियमावलीअनुसारकोतलबभत्तातथा अन्य सुविधा पाउनुपर्ने माग राखेका छन् । गत भदौँदेखि हालसम्मको तलबभत्ता नपाएको गुनासो उनीहरूको छ । विश्वविद्यालयका सहकुलपति एवं प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीलाई पटक-पटक ज्ञापनपत्र दिँदा पनि सुनुवाइ नभएकाले तालाबन्दी गर्नुपरेको उनीहरू बताउँछन् । 'चरम आर्थिक संकटमा परेपछि हामीसँग अब अर्को विकल्प रहेन,' उपप्राध्यापक यादवले भने, 'सामान्य रूपमा गर्नुपर्ने आग्रह र अनुरोध सबैतिर गर्‍यौं, कतैबाट सुनुवाइ नभएपछि बाध्य भएका हौं ।'

सो विश्वविद्यालयको सभाबाट नीति तथा कार्यक्रम पास हुन नसकेको, लालबाबु राउत नेतृत्वको सरकारले नियुक्त गरेका रजिस्ट्रारबाट वर्तमान सरकारले आर्थिक कारोबार खोजेर छानबिन थालेपछि पछिल्लो समय विश्वविद्यालयको आर्थिक कारोबार बन्द छ। विश्वविद्यालयको निर्माणाधीन भवन शिलान्यासका लागि विश्वविद्यालयले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि जनमत पार्टी उपकुलपति र रजिस्ट्रारसँग असन्तुष्ट छ ।

यादवले भवनको शिलान्यास गर्न लाग्दा जनमतले विरोध जनाएको थियो । जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार गठन भएपछि उपकुलपति महतो र रजिस्ट्रार ठाकुरले अनियमितता गरेको भन्दै नीति आयोगका उपाध्यक्ष डा. सोहन साहको नेतृत्वमा छानबिन समितिसमेत गठन गरिएको थियो। तर, अझैसम्म प्रतिवेदन सार्वजनिक भएको छैन ।

सो विश्वविद्यालयमा अहिले चारवर्षे कृषि स्नातकमा अध्ययनरत एक सयजना विद्यार्थी छन् । शैक्षिक सत्र ०८१/०८२ मा ५० जना विद्यार्थी भर्ना आह्वान गरिएकोमा एक सय १० जनाले आवेदन दिएका थिए । तर, रकम अभावमा परीक्षा लिन नसकेपछि भर्ना प्रक्रिया नै रोकिएको छ ।

# 'अध्यादेशको अस्त्रले ओलीलाई नै निर्वस्त्र बनाइदियो'

**संजय मिश्र**



रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले अध्यादेशको अस्त्रले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै निर्वस्त्र बनाइदिएको टिप्पणी गरेका छन् ।

रौतहटमा बिहीबार यमुनामाई गाउँपालिकाको विशेष भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले झण्डै दुई तिहाई बहुमतको गफ दिने प्रधानमन्त्री ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश पारित गर्नका लागि सामान्य बहुमत समेत नभएको बताए ।

अध्यक्ष साहले भने, 'म प्रधानमन्त्रीज्यूसँग सोध्न चाहन्छु, ' तपाईंले त झण्डै दुई तिहाईको बहुमतको शक्तिशाली सरकार भन्नुहुन्छ। तर तपाईं आफैँले ल्याएको अध्यादेश पारित गर्नका लागि तपाईंसँग समान्य बहुमत छैन। तपाईं कुन नैतिकताले अझै पदमा बस्नुभएछ?', साहले भने, 'तपाईंले अध्यादेश संसदमा निर्णयार्थ पेश गरेर किन फिर्ता लिनुभो ?'


आफैँले ल्याएको अध्यादेश पारित गराउन नसक्ने प्रधानमन्त्रीले कुन नैतिकताका आधारमा कुर्सीमा बसिरहेको भन्ने प्रश्न गर्दै उनले अलिकति पनि देश र जनताको माया भए तुरुन्त कुर्सी छोड्न सल्लाह दिए ।

'तपाईं (ओली) आफैंले ल्याएको अध्यादेशको अस्त्रले तपाईं आफैंलाई निर्वस्त्र बनाइदिएको छ। दुनियाँले देखिरहेको छ तपाईंसँग समान्य बहुमत पनि छैन। त्यसैले तपाईं कुर्सी छोड्दा नै देश र जनताको हित हुन्छ' साहले अघि थप्दैं भने ।

अध्यक्ष साहले अहिलेको नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन नभई ओली र शेरबहादुर देउवाको स्वार्थको गठबन्धन भएको टिप्पणी गरे। उनले मुलुक र जनताको हितका लागि ओली र देउवाको बन्धनबाट देशलाई तत्काल मुक्त गर्नुपर्ने बताए ।

उनले ओली र देउवाको स्वार्थ बन्धनबाट विपी र मदन भण्डारीलाई मान्ने कांग्रेस र एमालेका नेताकार्यकर्ता सहित मुलुक र जनतासमेत पीडित भएकाले स्वार्थ बन्धनलाई बहिष्कार गरेर अगाडि बढ्नुपर्ने बताए ।

# फागुन १ गते: नेपाललाई फेरेको तर इतिहासमा बिरूप हुन पुगेको दिन



जयप्रकाश आनन्द

त्यसबेला प्रज्वल शम्सेर प्रधान सेनापति थिए । सिंहदरबारमा रहेको प्रधान मन्त्री कार्यालयको मिटिंग हल, जहाँ प्रायसः प्रमले प्रतिनिधी मंडलहरूबाट ज्ञापन पत्र आदि बुझ्ने काम गर्दथे, त्यस दिन मंत्रीको रूपमा हामी केही बोलाईएका थियौँ । म संचार मन्त्री थिए ।

सेनापतिको ब्रिफिंग थियो । धेरै कुराहरू भनियो, बताइयो । सेनाले निर्धारण गरेको क, ख, ग र घ गरी माओवादी प्रभाव विस्तारको चार क्षेत्र बारे विवरण दिईदैथ्यो। चार जिल्लाको 'क' क्षेत्रमा सिमीत पारिएको माओवादीको विस्तार दुई वर्ष पूरा नहुँदै पच्चीस जिल्लामा भइसकेको रोचक विवरण सेनाको तर्फबाट सचित्र बताइएको थियो । माओवादीलाई हरेक उल्लेखमा 'आतंककारी' सम्बोधन गरिएर यी सब भनिइँदै गर्दा प्रम गिरिजा बाबुको मौनता थियो । उहाँ ध्यानपूर्वक सुनिरहनु भएको थियो । तत्कालीन प्रधान सेनापतिले माओवादीले रचेको सैन्यब्यूहको स-विस्तार चर्चा गरिरहेका थिए। अपरिष्कृत हातहतियार तथा विस्तारित आधार क्षेत्रको सहयोगमा दुई वर्ष नवित्दै 'चार जिल्ला'बाट 'पच्चीस जिल्ला'मा फैलिएको माओवादीलाई नियन्त्रण गर्न सेनाले केही विषयहरूमा बडो जोड दिइरहेको थियो । माओवादीविरूद्धको प्रत्याक्रमण सेनाकै एकल नेतृत्वमा हुनुपर्ने, अत्याधुनिक हातहतियार तथा फौजी बन्दोबस्तीका समानहरूका लागि सरकारले निर्वाध सहयोग गर्नुपर्ने, सेनाको संख्यामा यथेष्ठ बढोत्तरी हुनुपर्ने र सेनाको परिचालन सेनाको परमाधिपति राजाको आदेशबाट हुनुपर्ने कुरा उनले बुझिने भाषामा बोलिरहेका थिए । प्रम गिरिजा बाबु तिर हेर्दै जननिर्वाचित सरकारले सेना परिचालनका लागि राजालाई सिफारिश गर्नुपर्ने कुरा तथा राजनीतिक पार्टीहरूका बीच यस निम्ति सहमति हुनुपर्ने कुरा बोल्दा प्रमले हामी तिरपनि हेर्नु भएको थियो। यसको अर्थ थियो ।

छलफल शुरू भयो । मैले सेनापतिलाई सोधेको थिए, तपाईले भनेको 'आतंक' को यत्रो तीब्र बिस्तारको अन्तरनिहीत प्रेरक तत्व के होला त ? थप प्रष्ट्याउँदै भने माओवादी मध्य पश्चिमाञ्चलको चार जिल्लालाई सघन प्रभाव क्षेत्रमा बदल्न लगभग एक दशक लाग्यो । अनि ती चार जिल्लाबाट थप पच्चीस जिल्लामा सघन कारबाहीको विस्तार गर्न जम्मा दुई बर्ष मात्र लाग्यो । यसर्थ, मैले जान्न खोजेको यति तीब्र रफ्तारमा माओवादी विस्तारको प्रेरक विषय के हुन सक्छन् त ?

मलाई लाग्यो, सेनापति त यसको जवाफ दिन पूर्व विचारित र तम्तयारै थिए । हत्केलाका औँलाहरूको रेखाको गिन्ती गर्दै उनले भने एक सुरमा भने- मुलुकमा सुशासन नहुनु, चरम भ्रष्टाचार हुनु, कुनै पनि सरकारले पूरा समय काम गर्न नसक्नु, राजनीतिक अस्थिरता आदि त हो नि यसका कारण ! त्यहाँ सेनापतिसंगको प्रतिसंवाद ठिक थिएन । दरबारिया अखबार हरूले माओवादीलाई समर्थन गर्दै लगभग यस्तै कारणहरू लेखिरहेका हुन्थे तेस बेला । मैले प्रम गिरिजा बाबु तिर लक्ष्य गरी कुरा राखे-०४८ देखि ०५१ सम्म त यी माओवादीहरू संसदमै थिए । ०५२ को फागुण १ देखि यिनीहरू जनयुद्धको थालनी नै गरे । के संसदीय कालको पहिलो तीन वर्षको शासनबाट सिर्जित अव्यवस्था नै माओवादी जनयुद्धको प्रेरक तत्व रहेको निष्कर्षमा हामी पुग्न सक्छौ र ?

म त्यस बैठकमा कतिपयबाट चक्षु प्रश्नको घेरामा परिसकेकोले थप बोल्नै पर्यो; -मध्य पश्चिमांचलका चार जिल्लामा केन्द्रीत माओवादीको दुई बर्ष नबित्दै पच्चीस जिल्लामा बिस्तारको कारण केही सामाजिक र अर्थ राजनीतिका मुद्दाहरू हुनसक्छ, जसले बृहद् संख्याका मानिसलाई हतियार उठाउन हौँस्याएको छ । मैले उठाएको आर्थिक-सामाजिक मुद्दाका बारेमा प्रमले सोध्नु भएपछि मात्र मैले भने कि सामाजिक विभेद, जातीय उत्पीडन र राज्यबाट नागरिकको सामुदायिक पहिचानको सवाललाई पनि माओवादीले उठाएका छन् । विभिन्न जातिय समुदायहरूको मुक्तिका सवाल पनि माओवादीले उठाएका छन् । यसको पनि खोजी गर्ने हो कि ? मिटिंग सकियो। कारणको खोजी र तेसको निदान तेस बैठकको उद्देश्य थिएन, ब्रिफिंग बैठक थियो त्यो ।

मलाई गिरिजा प्रसाद कोइरालाको विश्वास पात्र भनिन्थ्यो । यद्यपि यसको केही दिन पछि नै म संचार मंत्रीबाट सारिएर अन्तै पुऱ्याईए, मलाई कृषि मंत्रालयको पदभार दिइयो । यस पछि यौटा अर्को घटना तर्फ मेरो अन्तरमन गयो । म संचार मन्त्री रहेकै बेला, शायद यस घटनाको केही साता अघि बुद्ध एयरबाट बिराटनगरबाट काठमाण्डू आउँदै थिए । अघिल्लो दिनसम्म जिल्लाका कार्यक्रमहरूमा ब्यस्त रहेकोले पत्रपत्रिका तर्फ धैरै ध्यान दिन सकेको थिइन । प्लेन उडन लाग्दा अखबार दिइयो, कान्तिपुर दैनिक थियो । बडो चाख एवं विश्मयका साथ पढन लागे, मुख्यपृष्ठको प्रमुख समाचार नै थियो- "संचार मन्त्री गुप्ता राष्ट्रिय सुरक्षा समितिबाट हटाइने ।" मुलुकको सुरक्षा मामिलाका बारेमा प्रमको अध्यक्षतामा यो एक समिति वा परिषद थियो । प्रमका अतिरिक्त रक्षा मंत्री, गृहमंत्री र प्रमले चाहेका १,२ मन्त्री, प्रधान सेनापति तथा सुरक्षा निकायका मानिसहरू यसमा रहन्थे । अरू बेला यस समितिका बारेमा धैरै केही सुनिन्न्। तर, त्यो द्वन्दको बेला थियो, यसको बढी चर्चा थियो । द्वन्दको समयमा संचार क्षेत्रको भुमिकाको कारणले होला म पनि तेसमा मनोनित गरिएको थिए। यस समितिमा केही भएको थियो। केही बिचारोत्तेजक कुराहरू, शायद मैबाट । यद्यपि यो समाचार अनायास आएको थियो, त्यो पनि कान्तिपुरमा । म सोचमग्न हुँदै काठमाण्डु ओर्लेर सोझैं बालुवाटार गए । केही समय पछि प्रमलाई भेटेर मलाई तेस समितिमा नराख्न अनुरोध गरे । उहाँले भन्नुभयो, हो यो सेनाले तिमीलाई, खुमबहादुरलाई तथा गोबिन्दलाई(जोशी) लाई मन पराउँदैनन् । यिनैले दरबारलाई पनि अनापसनाप भनेका छन् । राजाले पनि यस्तै कुरा गर्छन् । तर, आजलाई यति भन्नु ठिकै होला कि सेनालाई म मन परेको थिइन । सुचना तथा सञ्चार मन्त्रीको रूपमा केन्द्रीय सुरक्षा समितिमा म रहिन । त्यहाँ मेरो भुमिका मन परेको थिएन । गोविन्दराज जोशीका कुराहरू पनि तिनीहरूलाई मन नपरेको देखिन्थ्यो ।



म संचार मन्त्री नरहेपछि सुरक्षासंग सम्बन्धित बैठकहरूबाट मेरो किनारा भइसकेको थियो । तर, माओवादी जनयुद्ध भनौं वा जे भनौं, यसमा व्यापक जन सहभागिताको उत्प्रेरक तत्व गम्भीर र विचारणीय रहेकोले यसको खोजी हुनु पर्नेमा म प्रतिवद्ध नै थिए । राज्यले विचारशील भएर यसको खोजी गर्नुपर्ने मेरो मत थियो । आज पनि मेरो मान्यता रहेको छ; चन्द्र शम्सेरले इस्तिहार जारी गरेर विश्वयुद्धताका नेपाली युवाहरूलाई अनिवार्य रूपमा बेलायती सेनामा भर्ना हुन लगाएको जस्तो उर्दी यसको अन्तर्निहित कारण होइन । यो रोजगारीको सवाल वा अराजकता मच्चाउने तत्कालिन युवाहरूको चाहना मात्र थिएन । पहिलो संविधान सभाको कक्ष भित्र देखिएको वैचारिक, सामुदायिक, जातीय, क्षेत्रीय, भाषिक, पहिचानको आकांक्षा आदिको सशक्त उपस्थिति यसको अकाट्य उदाहरण थियो । तर, दुर्भाग्य भनौं- माओवादी र मधेसीले समेत यसलाई प्राण वायु दिन सकेन ।

मलाई लाग्द छ, जनयुद्ध पश्चात यसका परिणामहरूलाई संस्थागत गराउन नसकेकोले नै आजको दिनसम्म आइपुग्दा यत्रो ठूलो अभियान अतितको अपराधीक व्याख्यामा रूपान्तरित हुन गयो। आज सामाजिक संजालमा फागुण १ गतेलाई सार्वजनिक बिदा दिईने भनिएपछिको तरंग तथा अदालतबाट तेसमा रोक लगाइनुबाट यस्तै देखिएको छ ।

आज माओवादी जनयुद्ध युरोपीयनहरूको इसायीकरणको वाहक, भारतको तानाबाना, राजाको षड्यन्त्र, बौद्धिकताविहीन कर्म, फगत हिंसात्मक उद्यम, लुटपाटको प्रवृति, नेपालको लागि भारतको भूराजनीतिक षड्यन्त्रको बल र तत्कालीन अक्षम शासन व्यवस्थाको परिणाम र केही चतुरहरूको धूर्तकर्म आदि जे भनिए पनि यो पूर्ण सत्य भने होइन । यी सब त स्वयम् माओवादीले नै तेस जनयुद्धको स्वामित्व परित्याग गरेपछिको स्वतः उत्पन्न हुने प्रतिकृयाहरू हुन् । माओवादी पार्टी 'राज्यको रूपान्तरण खोज्नेहरूको पार्टी' न रहेर सत्ता लम्पटहरूको पार्टी हुन गएको आजको यस अवस्था यसो हुनु वा देखिनु स्वभाविक नै हो ।

जे होस्, यति ठूलो अभ्यास एवं परिणामको यति छिटो स्खलनको अर्को उदाहरण बिरलै भेटिएला । तर, दुर्भाग्य नै हो यो कि यसको मूल्यांकनसम्म गर्न कोही माओवादी आज बाँकी रहेनन् ।

(अघि देखि कै सम्झना, जो ब्युताई रहन्छ मनलाई)

# 'सबैको सम्मान हुने'

**टुडे समाचारदाता**




जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्ध व्यवस्था गर्न आउने विधेयकले सबैको सम्मान हुने गरि आउने बताएका छन् ।

जनकपुरधाममा बिहीबार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आयोजना तथा नेपाल आदिवासी जनजाति महासंघ र थारु कल्याणकारी सभाको सह-आयोजनामा भएको कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले मधेश प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धी परामर्श गोष्ठीमा सबै भाषाको सम्मान हुने गरी प्रदेशको कामकाजको भाषा तय गरिने बताए ।

उनले प्रदेश सभामा विगतमा पेश गरिएको विधेयकमा सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक मा विवाद देखिएकाले विधेयक फिर्ता लिने काम भएको र अव आउने विधेयकमा थारु सहित छुटेका अन्य केही भाषाहरू समावेश गरेर विधेयक प्रदेश सभामा ल्याइने बताए ।

उनले आइटिको विकासका लागि विधेयकमा हिन्दी भाषा राख्न सरकार बाध्य भएको बताउँदै आईटीका लगानी कर्ता तथा ठूला व्यक्तिहरू भारतका भएकाले प्रदेशमा आईटीको क्षेत्रमा लगानी भित्र्याउन र नेपाली तथा स्थानीय भाषा नबुझ्नेका बीचमा सम्पर्क भाषाको रुपमा हिन्दीलाई सरकारी कामकाजको भाषाको रुपमा समेट्नु जरुरी भएको बताए । गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले मधेशमा बोलिने भाषा मध्ये थारु सहितका भाषाहरू सरकारी कामकाजको भाषाको रुपमा समावेश हुनु पर्ने विषयमा शुरु देखि नै आवाज उठाउँदै आएको बताए ।

उनले मधेश प्रदेशबाट प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा पेश भएको विधेयक त्रुटिपूर्ण भएको भन्दै शुरु देखि नै आफू मन्त्री भएर पनि विरोध गर्दै आएको बताउँदै थारु माथि हुँदै आएको विभेदका विषयमा थारुहरू २००५ देखि नै आन्दोलन गर्दै आएको इतिहास भएको बताए ।

राष्ट्रिय थारु आयोगका अध्यक्ष विष्णु प्रसाद चौधरीले नेपालमा विभिन्न भाषा र संस्कृतिको सम्मानका लागि नै संघीय शासन प्रणाली आएको बताउँदै अहिले मुलुकमा सङ्घीयतालाई बलियो बनाउने गरि शासन प्रणाली अगाडि बढेको बताए ।

उनले भाषा आयोगले नेपाली सहित मधेश प्रदेशमा मैथिली, भोजपुरी तथा बज्जिका भाषा बढी बोलिने भाषा भएको सिफारिस गरेपनि अन्य भाषाहरूलाई कामकाजको भाषाको रुपमा राख्न नहुने मान्यता नभएको बताए ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ललितपुरका उपाध्यक्ष रेशम गुरुको अध्यक्षतामा भएको सो कार्यक्रममा मधेश प्रदेश सभाका सदस्यहरु बेची लुङ्गेली, विमला अन्सारी, ललिता विद्रोही, रामअशिष यादव, राजेन्द्र चौधरी, नीति तथा योजना आयोगका सदस्य डा. रिना यादव र कमल प्रसाद राजवंशी सहितले सरकारी कामकाजको भाषामा थारु सहित अन्य भाषाहरू राखिएको थियो ।

# गाईसहित दुई तस्कर पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट स्थित प्रहरी गस्ती टोलीले ७ वटा गाई बाच्छो सहित २ जना गाई तस्करलाई पक्राउ गरेको छ । नेपालबाट भारत तर्फ अबैध रुपमा गाई र बाछो लैजाँदै गरेको अवस्थामा दुवैजना तस्कर लाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

अस्थाई प्रहरी पोस्ट बसपार्क गौरको समन्वयमा अस्थाई प्रहरी पोस्ट बमनहरबाट खटिएको प्रहरी गस्ती टोलीले राजपुर नगरपालिका-२ फतुवा स्थित नेपालबाट भारत तर्फ गाई र बाछो लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको रौतहट प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा र ... ाजपुर नगरपालिका- २ स्थित फतुवाका ४३ वर्षीय ओहिद अंसारी र यमुनामाई गाउँपालिका वडा नं. ३ का २८ वर्षीय शेख सोहेब आलम रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दिपक कुमार रायले बताएका छन्। उनीहरूले भारत तर्फ लैजाँदै गरेको ६ गाई र १ बाच्छो समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

६५ हजार रुपैयाँ मूल्यांकन सहित गाई बाच्छो र दुवैजना तस्कर लाई आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको रौतहट प्रहरीको विज्ञप्तिमा उल्लेख गरिएको छ ।



## प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.द.नं. ९१/०५७/५८